नेपाली सार्वजनीक शिक्षा सुधारः

चार्टर विद्यालय

बाट के सिक्न सक्छौं ?

होमराज आचार्य | लबिसा उप्रेती

SAMRIDDHI FOUNDATION

प्रकाशक
समृद्धि फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल

फोनः (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्: (९७७)-१-४४८-५३९१
ईमेलः info@samriddhi.org
वेबसाईटः www.samriddhi.org

सहयोगार्थ
Friedrich Naumann Foundation for Freedom

© समृद्धि फाउण्डेशन

यस प्रकाशनको सम्पुर्ण अधिकार समृद्धि फाउण्डेशनमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ। यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

पहिलो संस्करण : नोवेम्बर, २०१६

लेखकद्वयका बारेमा

होमराज आचार्य

होमराज आचार्य वासिङ्गटन डिसीमा अवस्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ग्लोबल फेयरनेस इनिसिएटिभका लागि नेपाल निर्देशक हुनुहुन्छ । यस संस्थाले विश्वका गरिबीका रेखामुनि रहेका व्यक्तिहरूका लागि न्यायपुर्ण र दिगो आर्थिक विकास पद्धतिको प्रवर्धन गर्दछ । उहाँले वासिङ्गटन डिसीको कार्यकारी कार्यालयमा ६ वर्षसम्म शिक्षा नीति विश्लेषकको रूपमा काम गर्नुभएको थियो जहाँ उहाँका विशेषज्ञता भएका क्षेत्रहरूमा बालबालिका भर्ना, विद्यालयको वित्तपोषण, विशेष शिक्षा, र गैरआवासीय विद्यार्थीहरू पर्दथे ।

उहाँले नेपालको शिक्षा मन्त्रालयसँग पनि परामर्शदाताको रूपमा नजिकै रहेर काम गर्नुभएको छ । उहाँले परामर्शदाताको रूपमा शिक्षा मन्त्रालयलाई शैक्षिक गुणस्तर केन्द्रको लागि अनुगमन तथा मुल्याङ्कन निर्देशिका र शिक्षा समीक्षा कार्यालयको लागि निर्देशिका तयार गर्न सहयोग गर्नुभएको थियो ।

लबिसा उप्रेती

लबिसा उप्रेती समृद्धि फाउण्डेशनमा अनुसन्धान तथा सञ्चार अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ । उहाँ समृद्धिमा सन् २०१४ देखि आबद्ध हुनुहुन्छ र अनुसन्धानका कार्य गर्ने र ती कार्यबाट पत्ता लागेका कुरा विभिन्न सरोकारवाला समुहहरूमाझ सञ्चार गर्ने काममा संलग्न हुनुहुन्छ ।

उहाँ डिबेट नेटवर्क नेपालसँग पनि आबद्ध हुनुहुन्छ जुन एक युवाद्वारा नेतृत्व गरिएको काठमाडौंमा आधारित वादविवाद संस्था हो जसले युवालाई वाक कला तथा तर्क गर्ने सीपवृद्धिको कार्यमा संलग्न गराउँछ । उहाँले काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा स्नातक गर्नुभएको छ ।

आभार

विभिन्न व्यक्तिहरूको निरन्तर मार्गनिर्देशन र समर्थन विना यो अनुसन्धान पत्र सम्भव हुने थिएन । हामीले परामर्श लिएका ठूलो संख्यामा रहेका विज्ञहरू प्रति हामी ऋणी छौं जसमा श्री खेमराज नेपाल (पूर्व सचिव, नेपाल सरकार), श्री शिशिर खनाल (संस्थापक, टिच फर नेपाल), र श्री जनार्दन नेपाल (पूर्व सचिव, नेपाल सरकार) लगायतका व्यक्तिहरू हुनुहुन्छ। हामीलाई आफ्नो कार्य सञ्चालन र व्यवस्थापन प्रक्रियाको अध्ययन गर्न दिनुहुने काठमाडौंको श्री जनउद्धार माध्यमिक विद्यालय, भक्तपुरको मेधा माध्यमिक विद्यालय र इलामको नाम्सालिङमा रहेका श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालय, श्री नेपाल ज्योति निम्न माध्यमिक विद्यालय, श्री शारदा निम्न माध्यमिक विद्यालय र पशुपति इंग्लिस एकेडेमी प्रति पनि हामी कृतज्ञ छौं ।

सामयिक सहायता प्रदान गरेर यस अनुसन्धान पत्रलाई यस अवस्थामा ल्याइ पुऱ्याउन सहयोग गर्नुहुने समृद्धि फाउण्डेशनका टोली सदस्यहरू प्रति पनि हामी आभार व्यक्त गर्दछौं । यस पत्रको सम्पादनमा सहयोग गरिदिनुहुने श्री आकाश श्रेष्ठलाई धन्यवाद र यसको लेआउट र डिजाइनमा अनवरत काम गर्नुभएका श्री रोशन बस्नेतलाई पनि धन्यवाद ।

अन्तिममा, यस अध्ययनको अंग्रेजीबाट नेपालीमा अनुवाद गरी सहयोग गरिदिनु भएका निकुञ्ज भण्डारी र आंकडा संकलन तथा अन्तरवार्ता अनुलेखनमा मद्दत गर्नुभएकी ओजश्वी साप्कोटा प्रती पनि आभार व्यक्त गर्न चाहन्छौं ।

होमनाथ आचार्य
लबिसा उप्रेती

संक्षिप्त रुप

वि.सं.	विक्रम सम्बत
पाविके	पाठ्यक्रम विकास केन्द्र
अदुअआ	अख्तियार दुरूपयोग अनुसन्धान आयोग
सिज	स्टेट एडुकेशन एजेन्सी
सिनास	सेन्टर फर नेपाल एण्ड एसियन स्टडिज
सिएसएसपीसामुदायिक	विद्यालय सहायता परियोजना
डिसी	डिस्ट्रिक्ट अफ कोलम्बिया
डिसिपिएस	डिस्ट्रिक्ट अफ कोलम्बिया पब्लिक स्कुल्स
जिविस	जिल्ला विकास समिति
डिओइ	शिक्षा विभाग
जिपिए	ग्रेड पोइन्ट एभरेज
एन. डि.	अनडेटेड
एस. एल. सी.	स्कुल लिभिङ्ग सर्टिफिकेट
एस. इ. इ.	माध्यामिक शिक्षा परिक्षा
जशिसाके	जनक शिक्षा सामग्री केन्द्र
नेरु	नेपाली रूपैंया
पिसिए	पर चाइल्ड फाइनान्सिङ
पिटिए	प्यारेन्ट टिचर एसोशियसन
विव्यस	विद्यालय व्यवस्थापन समिति
यूनेस्को	संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक, तथा साँस्कृतिक संगठन
यूनिसेफ	संयुक्त राष्ट्र बालबालिका कोष
सं.रा.	संयुक्त राज्य
सं.रा.अ.	संयुक्त राज्य अमेरिका
गाविस	गाउँ विकास समिति
यूएनडिपी	संयुक्त राष्ट्र विकास कार्यक्रम
एसडिजी	दिगो विकास लक्ष्य

नेपाली वर्ष विक्रम सम्बतको पात्रोमा आधारित छ र ग्रेगोरिएन पात्रोभन्दा करिब ५७ वर्षले अगाडि छ । (२०६२/१/१ =२००५/४/१४)

१ अमेरिकी डलर = नेरु १०६.५८ श्रावण २५, २०७३ (नेपाल राष्ट्र बैंकद्वारा जारी)

चित्रहरुको सुची

चित्र १ नेपालमा शिक्षा प्रणालीको विभाजन ९
चित्र २ श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयलाई विनियोजन गरिएको कोषको विवरण १५
चित्र ३ सामुदायिक विद्यालयमा सञ्चालन-व्यवस्थापन संरचना १६
चित्र ४ चार्टर विद्यालयको अवधारण र वाञ्छित परिणाम ३६
चित्र ५ संयुक्त राज्य अमेरिकामा सार्वजनिक विद्यालयहरूले प्राप्त गरेको रकमको विनियोजन ३९

तालीकाको सुची

तालिका १ शैक्षिक संस्थाको तहअनुसार बजेट विनियोजन १०
तालिका २ शैक्षिक वर्ष २०७१-७२ मा श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयलाई दिइएको कुल अनुदान १४
तालिका ३ नेपालमा विद्यालयहरूका लागि तोकिएको पाठ्यक्रम १८
तालिका ४ श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयको वि.सं. २०७१ (२०१४/१५) को नतिजा १९

सारांश

नेपालमा सार्वजनिक विद्यालयहरूका विद्यार्थीहरूले राष्ट्रिय तहका परीक्षामा कमजोर प्रदर्शन गर्दै आएको इतिहास छ (नेपाल एजुकेशन इन फिगर्स, २०१०-१५) । सार्वजनिक विद्यालयहरू सघन राजनीतिक घुसपैठबाट ग्रसित छन् र राजनीतिक क्रियाकलाप जन्माउने र फस्टाउने स्थान बन्न गएका छन् (लु निभा चाइल्ड कन्सर्न ग्रुप नेपाल, २०१३) । यस परिणामस्वरूप विद्यालय व्यवस्थापन समितिमा र ाजनीतिको प्रवेशसँगै विद्यालयको व्यवस्थापनमा नातावादपुर्ण नियुक्तिहरू हुने गरेका छन् । यस्तो प्रवृत्तिले ल्याउने एउटा प्रमुख समस्या भनेको शिक्षक शिक्षिकाहरूको नियुक्ति हो जसमा योग्यताको आधारमा भन्दा पनि नातावादको आधारमा नियुक्ति हुने गर्दछ । करिब दुई दशकसम्म स्थानीय निकायको चुनाव नहुनाले विद्यालय व्यवस्थापन समितिहरू प्रभाव जमाउन र सार्वजनिक कोष दुरूपयोग गर्नको लागि आकर्षक निकाय बन्न पुगेका छन् ।

त्यसैगरी यी विद्यालयहरूमा पठनपाठन गराइने विषय र पाठ्यक्रम पनि समायानुकुल नभएको र राम्रोसँग सम्पादन नभएको भनी आलोचना भइरहेको छ (शर्मा, २०१५) । पाठ्यपुस्तक प्रकाशन गर्ने एकाधिकार जनक शिक्षा सामग्री केन्द्रमा रहेको छ र यस केन्द्रमा हुने अनियमितता धेरै हुने गरेको पाइएको छ (द काठमाडौं पोष्ट, २०१५) । स्थानीय समुदायहरू र सार्वजनिक शिक्षाका लागि जिम्मेवार जिल्ला स्तरीय राज्यका अंगहरूबीच भएको सम्पर्कको अभाव पनि टड्कारो रूपमा देखिएको छ ।

यी वास्तविकताहरूले विशेषगरी नेपाली सार्वजनिक शिक्षाको क्षेत्रमा वर्षैपिच्छे खन्याइने पैसासँग तुलना गर्दा विभिन्न प्रश्नहरू उब्जाउछन् । आर्थिक वर्ष २०७३/७४ मा नेपाल सरकारले कुल बजेट १० खर्ब ४८ अर्ब रूपैयाँ मध्ये १ खर्ब १६ अर्ब र ३६ करोड रूपैयाँ शिक्षा क्षेत्रको लागि छुट्याएको छ (बजेट भाषण २०७३/७४) । के यसको अर्थ एकदम कम प्रतिफल दिइरहेको क्षेत्रमा हामीले बजेट खन्याइरहने हो ?

विश्वमा तिव्र गतिमा शिक्षा क्षेत्रमा नवीनतम तथा परिष्कृत अभ्यासहरू आविष्कार भइरहेका छन् । तीमध्ये एउटा तुलनात्मक रूपमा नयाँ तर तिव्र गतिमा व्यापकता पाइरहेको अवधारणा चार्टर विद्यालयको हो । सामान्य शब्दमा भन्नुपर्दा, चार्टर विद्यालयहरू सार्वजनिक वित्त प्राप्त गरेका तर निजी रूपमा व्यवस्थापन भएका विद्यालयहरू हुन् । 'चार्टर' भन्नाले कुनै निश्चित निकाय कसरी सञ्चालन हुन्छ भनेर व्याख्या गर्ने कानुनी दस्तावेज हो । चार्टर विद्यालयका सन्दर्भमा, चार्टरले विद्यालयको सञ्चालनको ढाँचा व्याख्या गर्दछ जहाँ कुनै इच्छुक पक्षले नयाँ विद्यालय स्थापना गर्न वा सार्वजनिक विद्यालयको व्यवस्थापन सम्हाल्नको लागि कानुनी दस्तावेजमा हस्ताक्षर गर्दछ (होक्स्बी, २००५) । यहाँ 'इच्छुक' पक्ष शिक्षकहरूको वा अभिभावकहरूको समुह वा दुवैको मिश्रण हुनसक्छ वा दक्षतायुक्त मानव संसाधन सिर्जना गर्नका लागि विशिष्ट विद्यालय स्थापना गर्न खोजिरहेका व्यवसायी पनि पर्दछन् (फिन आदि, २०००) । चार्टर विद्यालय हरूले सार्वजनिक विद्यालयहरूको तुलनामा कम नियामक भार बहन गर्नुपर्दछ तर यीनको आन्तरिक तथा

बाह्य अनुगमन संयन्त्र भने प्रभावकारी हुन्छन् (फिन आदि, २०००) । थप लचकता र कार्यसञ्चालनमा स्वतन्त्रताको सट्टामा चार्टर विद्यालयहरू परिणाम प्रति थप जवाफदेही हुन जरुरी छ र सहमति भएको “चार्टर” मा उल्लेखित मापदण्डहरू पुरा गर्नुपर्दछ ।

विद्यार्थी संख्या न्युन भएका सामुदायिक विद्यालयहरू एकअर्कामा गाभिएको समाचार राष्ट्रिय समाचार एजेन्सीहरूले बारम्बार प्रकाशित गरिरहेका छन् । उदाहरणको लागि, यसै कारणले गर्दा सन् २०१६ मा धादिङमा ११ वटा सामुदायिक विद्यालयहरू गाभिएका थिए (द हिमालयन टाइम्स, २०१६) । यदि त्यति धेरै विद्यालयहरू बन्द भइरहेका छन् र ठुला संरचनात्मक सम्पत्तिहरू उपयोगविहीन भइरहेका छन् भने थप राम्रो व्यवस्थापन र विद्यार्थीको प्रदर्शन सुनिश्चत गर्ने तरिकाबाट यीनलाई प्रयोग गर्न सकिन्छ । यसका लागि इच्छुक पक्षहरूले असफल भइरहेका सार्वजनिक विद्यालयहरूको व्यवस्थापन सम्हाल्छु भनेर सरकार समक्ष जान मिल्ने नीति तर्जुमा गर्नु प्रारम्भिक कदम हुनसक्छ । परीक्षण अवधिको लागि, सरकारले ५ वर्ष समयावधिको चार्टरको अनुमति दिनसक्छ र त्यसपश्चात विद्यालयको व्यवस्थापन र विद्यार्थीको प्रदर्शनको राम्रोसँग परीक्षण गरी चार्टरको नवीकरण गर्नसक्दछ । यस्ता विद्यालयको स्थानीय निर्वाचित निकायले समयसमयमा अनुगमन गर्न सक्दछन् । यसले गर्दा, स्थानीय वा निर्वाचित पदाधिकारीबाट कुनै उजुरी नआएसम्म शिक्षा विभागले विद्यालयको प्रगति लिज अवधिको अन्त्यमा मात्र अनुगमन गर्दा हुन्छ ।

कुनै संस्थामा भएका शिक्षकको संख्यामा भन्दा भर्ना भएका प्रति विद्यार्थीको आधारमा वित्तपोषण गर्ने जस्ता चार्टर विद्यालयका व्यवस्थाहरू सार्वजनिक विद्यालयहरूलाई थप प्रतिस्पर्धात्मक बनाउनका लागि सहयोगी सिद्ध हुन सक्छन् । आवश्यकताअनुसार शिक्षक भर्ती गर्ने वा निलम्बन गर्ने व्यवस्था पनि चार्टर विद्यालयको परम्परागत सार्वजनिक विद्यालयहरू भन्दा फरक महत्वपुर्ण विशेषता हुनेछ । विद्यालय व्यवस्थापन समितिद्वारा सार्वजनिक विद्यालयमा शिक्षक भर्ती गर्न सजिलो होला तर राजनीतिक आबद्धताको कारणले गर्दा तिनलाई हटाउन भने अत्यन्त गाह्रो हुन्छ । तसर्थ निलम्बन गर्ने स्वतन्त्रता /लचकता (शिक्षकले गलत कार्य गरेमा वा सन्तोषजनक कार्यसम्पादन नभएमा) जुन करारमा नै लेख्न सकिन्छ, अर्को महत्वपुर्ण व्यवस्था हुनेछ । शिक्षण पद्धतिमा थप स्वतन्त्रताले गर्दा पनि चार्टर विद्यालयलाई थप वाञ्छनीय बनाउछ ।

गाभ्न लागिएका वा बन्द गर्न लागिएका विद्यालयहरूको हकमा चार्टर पद्धतिको परीक्षण गरेमा र ाज्यलाई यस अवधारणालाई थप बुझ्ने अवसर मिल्नेछ । निजी विद्यालयहरूको व्यवस्थापन बढी राम्रो हुने ठानिएकै कारणले गर्दा नेपालमा निजी विद्यालयहरू फस्टाएका छन् । चार्टर विद्यालयको माध्यमबाट यस कुरालाई सार्वजनिक शिक्षाको क्षेत्रमा पनि मौलाउन दिन सकिन्छ ।

विषयसुची

परिचय	१
उद्देश्य	४
विधि	४
अध्ययन विषयक्षेत्र	५
अध्याय १ नेपालका सामुदायिक विद्यालयहरूको परिचय	**६**
अध्याय २ नेपालका सामुदायिक विद्यालयहरूलाई बुझ्दा	**१३**
अध्ययन स्थलको परिचय	१३
श्री नाम्सलिङ उच्च माध्यमिक विद्यालय	१३
शिक्षकको भर्ती तथा तालिम	१६
विषयवस्तु तथा पाठ्यक्रम	१७
विद्यालय व्यवस्थापन समिति	२०
सामाजिक परीक्षण (सोसल अडिट)	२३
अध्याय ३ सामुदायिक विद्यालय प्रणालीको एक परीक्षा	**२७**
विद्यालयहरूमा अत्याधिक राजनीतिक घुसपैठ	२७
कृपावादबाट हुने नियुक्ति तथा शिक्षकहरूमा उत्तरदायित्वको कमी	२८
पुराना पाठ्यक्रम	३०
सक्रिय अनुगमन तथा मूल्याङ्कनको कमी	३१
अध्याय ४ शिक्षा क्षेत्रमा सम्भावना खोज्दा - चार्टर विद्यालयहरू	**३३**
चार्टर विद्यालय	३४
अध्याय ५ सामुदायिक विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन	**३७**
सञ्चालनको ढाँचा - वित्तीयकरण	३७
सञ्चालनको ढाँचा - व्यवस्थापन	४४
सञ्चालनको ढाँचा - जाँच र सन्तुलन	४६
सञ्चालनको ढाँचा - पाठ्यक्रम	४८
निष्कर्ष	**५१**
शुरुवात कसरी गर्न सकिन्छ ?	५१
सन्दर्भ सामाग्रीहरु	**५५**

परिचय

ठूलो संख्यामा रहेका अध्ययनहरूले शिक्षाले मानव विकास र समृद्धिमा आधारभूत भूमिका खेल्दछ भन्ने दावीलाई समर्थन गरेको पाइन्छ (विशेषगरी मानव विकास सूचकाङ्क[1] र विश्व विकास सूचकहरू[2]) । मुलुक स्तरमा यसलाई राज्यको प्रमुख जिम्मेवारी मध्येको एकको रूपमा हेरिन्छ । आजकल अधिकांश देशहरूले आफ्ना नागरिकहरूलाई निःशुल्क सार्वजनिक शिक्षाको प्रत्याभूति दिने गरेका छन् । नेपालको संविधान २०७२ ले पनि शिक्षाको पहुँचलाई आफ्ना नागरिकको मौलिक अधिकारको रूपमा लिएको छ र ८ कक्षासम्म निःशुल्क र अनिवार्य शिक्षाको प्रतिवद्धता व्यक्त गरेको छ । साथै, यस संविधानले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क बनाउन प्रयासरत रहने कुरा पनि बताएको छ । शिक्षाको पहुँचले सामाजिक गतिशीलतालाई धेरै सहज बनाउछ भन्ने कुरा गहन अनुसन्धानले (नाजिमुद्दिन, २०१४), र हाम्रा मूल्यमान्यताले यसलाई दिने महत्वले देखाएका छन् ।

सन् २०११ मा गरिएको 'एनुमरेटिङ माइग्रेशन इन नेपाल : अ रिभ्यू' नामक अध्ययनले ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा हुने बसाइँसराइको एउटा मुख्य कारण ग्रामीण क्षेत्रमा शिक्षाको अवसर नहुनु बताएको छ । के त्यसोभए ग्रामीण क्षेत्रहरूमा पर्याप्त संख्यामा विद्यालयहरू छैनन् त ? के यसको अर्थ सरकारले यस्ता स्थानहरूमा थप विद्यालयहरू निर्माण गर्नुपर्छ ? वास्तवमा, सन् २०१५ मा नेपालमा २९,१३३ सामुदायिक विद्यालयहरू (कक्षा १ देखि १२ सम्म सञ्चालन गरिरहेका) थिए अर्थात देशमा शैक्षिक संस्थाहरूको अभाव छैन् (नेपाल एजुकेशन इन फिगर्स, २०१५) । तसर्थ यहाँ मुख्य कुरा हामीसँग 'राम्रा' विद्यालयहरू छन् कि छैनन् भन्ने चाहिँ हो ।

त्यसोभए 'राम्रो' विद्यालय भनेको के हो त? केही हदसम्म यसको जवाफ व्यक्तिपरक हुन्छ र हाम्रो आफ्नै विद्यालयकालको अनुभवमा आधारित हुन्छ । तर केही निश्चित तत्वहरू छन् जुन हाम्रा करिब सबै परिभाषामा उपस्थित छन् । पि. स्याम्मन्स (१९९५) ले विद्यालयहरूलाई प्रभावकारी बनाउने केही प्रमुख विशेषताहरू पहिचान गर्नुभएको छ : १) व्यवसायिक नेतृत्व; २) साझा परिकल्पना र लक्ष्यहरू; ३) सिक्ने वातावरण; ४) अध्यापन र सिकाईमा एकाग्रता; ५) उद्देश्यपूर्ण अध्यापन; ६) उच्च अपेक्षा (शिक्षक र विद्यार्थी दुवैबाट); ७) सकरात्मक प्रोत्साहन; ८) प्रगतिको अनुगमन; ९) विद्यार्थीको अधिकार तथा उत्तरदायित्व; १०) घर-विद्यालय साझेदारी; ११)

१ मानव विकास सुचकाङ्क (संयुक्त राष्ट्र विकास कार्यक्रमद्वारा प्रशासित) 'मानव विकासका प्रमुख आयामहरू: दीर्घायु र स्वस्थ जीवन, सुशिक्षा र मर्यादित जीवनस्तरमा भएको उपलब्धिको सारांश मापन' हो (युएनडिपी, २०१५) ।

२ विश्व विकास सुचकहरू (विश्व बैंकद्वारा प्रशासित) विकास सुचकहरू र तिनको आँकडाको संकलन हो जसअन्तर्गत गुणस्तरीय शिक्षा पनि पर्दछ र सन् २०१६ मा यसलाई दिगो विकास लक्ष्यहरूको प्रगति अनुगमन गर्नको लागि संसोधन गरिएको छ ।

सिकाइ उन्मुख संस्था । यसमा स्थानीय ज्ञानलाई पाठ्यक्रममा कत्तिको स्थान दिइन्छ भन्ने कुरालाई पनि थप्न सकिएला ।

नेपालमा साधारण बोलीचालीमा 'राम्रो पढाइ' भन्नाले कुनै विद्यार्थीले राष्ट्रिय स्तर को परीक्षामा कति अङ्क ल्याउँछ भन्ने कुरा बुझिन्छ । यी अङ्कहरू मात्र हासिल गरेको ज्ञानको समग्र सूचक होइनन् तर यो संयन्त्र सञ्चालन गर्न र तुलना गर्न सजिलो छ जसले गर्दा शिक्षाको बारेमा चासो राख्नेहरूका लागि यो प्रायः सन्दर्भ विन्दु हुने गरेको छ । सन् २०१५ मा प्रवेशिका परीक्षा (एसएलसी) राष्ट्रिय उत्तीर्णदर ४७.४९ प्रतिशत थियो जसमा सामुदायिक विद्यालयको विद्यार्थी उत्तीर्णदर ३९.७४ थियो भने निजी विद्यालयहरूको विद्यार्थी उत्तीर्णदर ८९.८० प्रतिशत थियो (नेपाल एजुकेशन इन फिगर्स, २०१५) ।

विद्यालय जाने उमेरका बालबालिकाका अभिभावकहरूसँग दुईवटा विकल्प हुन्छन् - निःशुल्क सार्वजनिक शिक्षा वा सःशुल्क निजी शिक्षा । यस अवस्थामा अभिभावकहरूले निःशुल्क सार्वजनिक विद्यालयमा आफ्ना बालबच्चा नपढाएर शिक्षण शुल्क तिरेर निजी विद्यालयमा नै पढाउनुले त्यसो गर्नुमा बढी लाभ रहेको संकेत गर्दछ । निजी विद्यालयहरूको बढ्दो भर्नादरले देखाउँछ कि दिनप्रतिदिन झन धेरै अभिभावकहरूले आफ्ना विद्यार्थीलाई निजी विद्यालय पठाइरहेका छन् (नेपाल एजुकेशन इन फिगर्स, २०१३-१५) जुन अभिभावकहरूमा रहेको निजी विद्यालयहरूले सार्वजनिक विद्यालयले भन्दा राम्रो पढाउँछन् भन्ने सोचको अभिव्यक्ति हो । प्रवेशिका परीक्षाको उत्तीर्णदरलाई यदि यी दुई मोडेलहरूले प्रदान गरेको शिक्षाको गुणस्तर को सूचक मान्ने हो भने यसले पनि अभिभावकको निर्णयलाई समर्थन गरिरहेको देखिन्छ । निजी विद्यालयहरूका कक्षाकोठामा राजनीतिक घुसपैठ पनि पाइँदैन जबकी सामुदायिक विद्यालयको सञ्चालनमा भने राजनीतिक घुसपैठको दबदबा रहेको पाइन्छ । सस्ता निजी विद्यालयहरू जहाँ शुल्क न्यून र शिक्षा बढी जवाफदेही छ, काठमाडौंमा लोकप्रिय हुँदै गइरहेको पाइन्छ (समृद्धि फाउण्डेशन, २०१५) । निश्चय पनि सामुदायिक विद्यालयहरूमा निजी विद्यालयहरूका तुलनामा ठूला संरचनाहरू - ठूलो खेल मैदान, ठूला कक्षाकोठाहरू र बढी दक्ष शिक्षकशिक्षिकाहरू पनि रहेको पाइन्छ तर निजी विद्यालयहरूको जत्तिको गुणस्तरमा सेवा प्रवाह गर्न असफल भएकाले यी विद्यालयहरूमा वर्षेनी खन्याइने पैसाले बृहत् समुदायलाई खासै फाइदा पुऱ्याएको देखिदैन् ।

यस कुरालाई ध्यानमा राख्दै , यस अध्ययनले दुई उद्देश्य राखेको छ : पहिलो, सामुदायिक विद्यालय प्रणालीको वर्तमान संरचना र व्यवस्थापनको स्वरूप बुझ्ने र दोस्रो, परिवर्तन गर्न आवश्यक चीजहरू र विश्वव्यापी रूपमा शिक्षाक्षेत्रमा भएका नवीनतम पद्धतिह(रूबाट सिक्न सकिने असल अभ्यासहरू बारेमा बुझ्ने । यस प्रक्रियामा, हामीले देशका विभिन्न

सार्वजनिक विद्यालयहरूको अध्ययन गरेका छौ र तिनको संरचना र सञ्चालन प्रक्रियाको विश्लेषण गरेका छौं ताकि नेपाली सार्वजनिक शिक्षा प्रणालीलाई सुधार्नको लागि कस्ता परि वर्तनहरू गर्न सकिन्छ बुझ्न सकियोस् । 'स्कूल च्वाइस' मोडेलमा संसारभर विभिन्न किसिमका प्रणलीहरु (भौचर शिक्षा प्रणाली लगायत) भएका भएता पनि यस अध्ययन विशे ष गरी चार्टर विद्यालय अभियानबाट सिक्न सक्ने पाठहरूको सम्भावनालाई हेरेको छ । के चार्टर विद्यालयहरू स्थापना गर्नाले वा चार्टर विद्यालयका विशेषताहरू ल्याउनाले हाम्रा सार्वजनिक विद्यालयहरूलाई सहयोग पुग्ला ? हामीले यस अध्ययनमा यहि प्रश्नको जवाफ खोज्दछौं ।

अध्ययनको उद्देश्य, विधि र विषय क्षेत्र :

उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य सामुदायिक विद्यालयहरूको विद्यमान चुनौतीहरूको पहिचान गर्नु र स्थलगत अध्ययन र पूर्वकार्य (लिटरेचर)को अध्ययनमा आधारित रहेर समाधान प्रदान गर्न प्रयास गर्नु रहेको छ ।

यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

क. छनोट गरिएका सामुदायिक विद्यालयहरूको संरचना र व्यवस्थापनलाई सन्दर्भ अध्ययनको रूपमा प्रस्तुत गर्नु र तिनलाई गैरसामुदायिक विद्यालय व्यवस्थापन प्रणाली (जस्तै संस्थागत विद्यालयहरू, सहकार्यमूलक विद्यालयहरू[३] , र चार्टर विद्यालयहरू[४]) सँग तुलना गर्नु ।

ख. अन्तर्राष्ट्रिय चार्टर विद्यालय अभियानबाट सिकेका पाठहरूका आधारमा सार्वजनिक विद्यालय प्रणालीमा परिवर्तनको सम्भाव्यता बुझ्नु ।

नेपालमा हालसम्म कुनै पनि परम्परागत चार्टर विद्यालय स्थापना भएका छैनन् । एउटा सहकार्यमूलक विद्यालय भने रहेको छ - काठमाडौं बुढानिलकण्ठमा रहेको श्री जन उद्धार माध्यमिक विद्यालय ।

विधि

यस अध्ययन सञ्चालन र समापन गर्दा मुख्यतः गुणात्मक पद्धति अवलम्बन गरिएको थियो । नीति, ऐन तथा निर्देशिकामा भएका पूर्वकार्यको अध्ययनबाट शुरु गरेर शोधकर्ताहरूले त्यसपछि देशमा भएका विभिन्न शिक्षाविदहरूको पहिचान गरे र उनीहरूसँग औपचारिक तथा अनौपचारिक विचार-विमर्श गरे । यस चरणमा विज्ञहरू पत्ता लगाउनका लागि स्नोबल विधि प्रयोग गरिएको थियो । यी परामर्श सत्रमा विज्ञहरूले प्रकाश पारेका सन्दर्भ र क्षेत्रहरूलाई अध्ययनका लागि पृष्ठभूमि जानकारीको रूपमा लिइएको थियो ।

दोस्रो चरणमा शोधकर्ताहरू इलामको नाम्सालिङमा १० दिने स्थलगत भ्रमणमा

३ यस अध्ययनमा सहकार्यमुलक विद्यालय भन्नाले निजी व्यक्तिले आंशिक वा पुर्ण रूपमा चलाएको सामुदायिक विद्यालय भनेर बुझ्न सकिन्छ ।

४ चार्टर विद्यालयहरू त्यस्ता विद्यालयहरू हुन जुन सार्वजनिक रूपमा वित्तपोषित तर निजी पक्षले व्यवस्थापन गरेका हुन्छन् । यसको व्यवस्थापन परम्परागत सार्वजनिक विद्यालयहरू भन्दा भने बढी स्वशासित रहन्छ । यसैका बारेमा अध्ययनमा थप बताइनेछ ।

जानुभएको थियो जसमा उक्त क्षेत्रमा सञ्चालनमा रहेका ३ सामुदायिक विद्यालयहरू र एउटा निजी विद्यालयको अध्ययन गरियो । हामीले सरकारी अधिकारी, विद्यालय प्रमुख र शिक्षकशिक्षिकाहरू, अभिभावक-शिक्षकशिक्षिका संघ, विद्यालय व्यवस्थापन समिति र विद्यालय निरीक्षक लगायतका विभिन्न सरोकारवालाहरूसँग पनि परामर्श गऱ्यौं । विद्यालयको समुदाय र उक्त क्षेत्रमा लागि राज्यद्वारा तोकिएका विकास लक्ष्य तथा सम्भावनासम्बन्धी जानकारीका अर्ध-संरचनात्मक (सेमी-स्ट्रक्चरर्ड) अन्तर्वार्ता प्रयोग गरेर संकलन गरिएको थियो ।

तेस्रो चरणमा संकलन गरिएको आँकडालाई कसरी उपयोग र प्रस्तुत गर्ने भन्नेबारे थप विज्ञहरूसँग परामर्श गरिएको थियो । पहिचान गरिएका साझा विषय र उत्तरहरूलाई बृहत् विचारमा रूपान्तरण गर्नका लागि वर्गीकरण गरिएको थियो । यस रणनीतिले शोधकर्तालाई समस्याको पहिचान गर्न र देशमा रहेका सामुदायिक विद्यालयहरूको विद्यमान अभ्यासहरूको विकल्प प्रदान गर्न सहयोग पुऱ्याएको थियो ।

अध्ययनको विषयक्षेत्र

यो अध्ययन मुख्यतः सामुदायिक विद्यालयहरूको गुणात्मक मूल्याङ्कन हो र यो पूर्वी नेपालको इलामको नाम्सालिङ गाविसमा रहेका विद्यालयहरूबाट संकलन गरिएको आँकडामा केन्द्रित छ ।

इलाम जिल्लाको नाम्सालिङमा रहेको श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालय (एक सामुदायिक विद्यालय) यस अध्ययनको लागि प्रमुख विद्यालय थियो र दुईटा अरू सामुदायिक विद्यालयहरू - श्री नेपाल ज्योति निम्न माध्यमिक विद्यालय र श्री शार दा निम्न माध्यमिक विद्यालयलाई थप अध्ययन र ज्ञानका लागि प्रयोग गरिएको थियो । पशुपति इङ्लिस एकेडेमी नामको एक संस्थागत विद्यालय पनि अध्ययन गरिएको थियो ।

काठमाडौंमा, एउटा सहकार्यमूलक विद्यालय - श्री जन उद्धार माध्यमिक विद्यालयलाई यसको नवीनतम अभ्यासका लागि अध्ययन गरिएको थियो । भक्तपुरमा, मेधा माध्यमिक विद्यालय नामको विद्यालयको पनि अध्ययन गरिएको थियो ।

यो अध्ययन सन्दर्भ अध्ययन र निश्चित स्थलगत आँकडा र अन्य द्वितीय पूर्वकार्य (सेकेन्डेरी लिटरेचर) मा आधारित भएको हुनाले यसले सम्पूर्ण भूगोल र त्यसअनुसारको नेपालको शैक्षिक परिदृश्यको पूर्ण प्रतिनिधित्व नगर्न सक्छ ।

अध्याय १

नेपालका सामुदायिक विद्यालयहरूको परिचय

नेपालमा औपचारिक शिक्षाको इतिहास त्यति धेरै लामो छैन । वि.सं. २००७ सालभन्दा अघि राणाहरूको निरंकुश शासनले गर्दा सर्वसाधारणलाई शिक्षाको अवसरबाट वञ्चित गरिएको थियो (शर्मा, २००८) । अधिकांश बालबालिकाले घर वा गुरुकुल, गुम्बा, बहाल, मद्रासा वा गुठी जस्ता धार्मिक केन्द्रहरूमा नैतिक र/वा धार्मिक शिक्षा प्राप्त गर्ने गर्दथे (शर्मा, २००८) ।

सामुदायिक विद्यालयहरू, जो अहिले सरकारी रकम प्राप्त गर्ने विद्यालयको पर्याय बनेका छन्, स्थानीय समुदायले व्यवस्थापन गरेका विद्यालयको रूपमा उदय भए । यिनको शुरुवात स्थानीय व्यक्तिहरूले अभिभावकहरूबाट पैसा उठाएर शिक्षकलाई भर्ती गर्ने र उनलाई खाना र वासस्थान उपलब्ध गराउने कार्य गरेबाट प्रारम्भ भयो (शर्मा, २००८) । शर्मा (२००८) ले नेपालमा शिक्षाको लागि समुदायको सक्रिय सहभागिताको प्रारम्भको बारेमा लेख्नुहुन्छ :

> वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि मात्रै मानिसहरू आफ्ना बालबच्चाका लागि विद्यालय खोल्नका लागि स्वतन्त्र भएका हुन् । देशभरका समुदायहरूले आफ्नै स्रोत परिचालन गरेर आफ्नै पहलकदमीमा विद्यालयहरू खोल्न थाले । सरकारले पनि विस्तारै अनुदान प्रदान गरेर विद्यालयहरूको विकासमा समुदायसँग हातेमालो गऱ्यो । लोकप्रिय पहलकदमीबाट स्थापना भएका अधिकांश विद्यालयहरू समुदायका व्यक्तिहरूबाट उपलब्ध विभिन्न किसिमका सहायताको आधारमा सञ्चालन भएका थिए ।

वि.सं. २०११ मा राष्ट्रिय शिक्षा योजना आयोगको स्थापना भयो र वि.सं. २०२५ मा राष्ट्रिय शिक्षा सल्लाहकार परिषदको गठन भयो (ग्रानर, १९९८) । वि.सं. २०२८ मा तर्जुमा गरिएको 'राष्ट्रिय शिक्षा प्रणाली योजना' शिक्षाको विकासका लागि राज्यको पहिलो एकीकृत योजना थियो (ग्रानर, १९९८) । यसै योजनाको परिणामस्वरूप देशमा भएका सबै विद्यालयहरूलाई राष्ट्रियकरण गरियो । यद्यपि, यस ऐनको चर्को राजनीतिक प्रतिरोध भयो । यसको विरोधमा वि.सं. २०३० को दशकको मध्यतिर विभिन्न विद्यार्थी ऱ्यालीहरू र अन्य सम्बन्धित कार्यक्रमहरू आयोजना गरिए (भट्टराई, २००९ समृद्धि फाउण्डेशन , २०१५ मा उद्धृत भएअनुसार) । वि.सं. २०४० को दशकमा आएर मात्र शिक्षा ऐनको तेस्रो

संशोधनसँगै निजी विद्यालयहरूलाई खोल्ने अनुमति दिइयो जुन नेपालमा उदारीकरणको प्रवेशको प्रारम्भिक संकेत थियो (भट्टराई, २००९ समृद्धि फाउण्डेशन , २०१५ मा उद्धृत भएअनुसार) ।

यस नीतिको एउटा मुख्य उद्देश्य विद्यालयहरूलाई तीन तहमा संगठित गर्नु थियो : प्राथमिक, निम्न माध्यमिक र माध्यमिक । यस योजनाले शिक्षा मन्त्रालयलाई सबै सार्वजनिक विद्यालयहरू माथिको निगरानीको अख्तियार दियो र परिणामस्वरूप 'राष्ट्रिय पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक सेवाका लागि मापदण्ड, विद्यालयहरूको सुपरिवेक्षण प्रणाली तथा शिक्षा प्रति गहन वित्तीय प्रतिवद्धता र राष्ट्रिय बजेटमा शिक्षा मन्त्रालयद्वारा शैक्षिक व्यवस्थापन' जस्ता कुराहरूको थालनी भयो (काफ्ले आदि,२०१२) ।

विश्व बैंकको सन् २०१२ को एउटा प्रतिवेदनले शिक्षामा भएको केन्द्रीकरणको प्रभावलाई गहनताका साथ विस्तृत रूपमा अध्ययन गरेको छ र स्थानीय निकायहरूसम्मको व्यवस्थापनको हस्तान्तरण कसरी भएको थियो भन्ने कुरामा प्रकाश पारेको छ :

> यस केन्द्रीकृत शिक्षा नीति लागु भएपश्चातको दशकमा स्थानीय स्तरका पहलकदमीहरूलाई नियोजित ढंगमा निरुत्साहित गरियो र विद्यालय व्यवस्थापन गर्ने र विद्यालयका क्रियाकलापहरूको सुपरिवेक्षण गर्ने, स्रोत जुटाउने, र शिक्षाको गुणस्तरको अनुगमन गर्ने समुदाय तहको क्षमतामा ह्रास आयो । विद्यालय व्यवस्थापनमा स्थानीय स्वामित्वलाई पुनःजीवित गराउने र सबल बनाउने प्रयासस्वरूप वि.स. २०५५ को स्थानीय स्वायत्त शासन ऐनले नेपालमा पहिलो पटक त्यस्तो नीति ल्यायो जसले विद्यालयको व्यवस्थापनलाई जिल्ला विकास समिति, गाउँ विकास समिति लगायतका स्थानीय निकायमा हस्तान्तरण गर्‍यो । शिक्षा ऐनको सातौं संशोधन २०५८ ले यस हस्तान्तरणको प्रक्रियालाई अझ अगाडि बढायो र विद्यालय व्यवस्थापन समितिहरूलाई सशक्त बनायो र सबै सरकारी विद्यालयहरूलाई "सामुदायिक विद्यालय" भनी नामाकरण गर्‍यो । यो सामुदायिक विद्यालय प्रणाली नै नेपालमा आधारभूत शिक्षा प्रदान गर्ने मुख्य संयन्त्र हो ।

नेपालमा शिक्षा प्रणालीको विभाजनः

नेपालमा तीन प्रकारका शैक्षिक संस्थालाई आधिकारिक मान्यता दिइएको छ[५] : सरकारी/सामुदायिक विद्यालय, संस्थागत विद्यालय र धार्मिक विद्यालय । सरकारी विद्यालयहरूलाई थप तीन उपवर्गमा विभाजित गरिएको छ : सामुदायिक सहायता प्राप्त, समुदायद्वारा व्यवस्थित र समुदायको सहायता प्राप्त नभएको (इएसपी वर्किङ पेपर सिरिज, २०१३) ।

समुदायको सहायता प्राप्त विद्यालयहरूले स्वीकृत पदहरूका लागि शिक्षकको तलबको रूपमा, निर्दिष्ट अनुदान (जस्तै पूर्वाधारको लागि) , एकमुष्ट अनुदान वा कार्यसम्पादन समीक्षा अनुसार अनुदानको रूपमा नियमित सरकारी अनुदान प्राप्त गर्दछन् । समुदायले व्यवस्थापन गरेका विद्यालयहरूले सरकारी अनुदान प्राप्त गर्दछन् तर यी अनुदानहरूको व्यवस्थापन स्थानीय रूपमा निर्वाचित विद्यालय व्यवस्थापन समितिहरूले गर्दछन् । समुदायको सहयोग प्राप्त नभएका विद्यालयहरूले नियमित सरकारी अनुदान प्राप्त गर्दैनन् तर निश्चित आधारभूत शिक्षक तलब अनुदान र एकमुष्ठ अनुदान प्राप्त गर्दछन् (इएसपी वर्किङ पेपर सिरिज, २०१३) ।

संस्थागत विद्यालयहरू (निजी विद्यालयका रूपमा पनि चिरपरिचित) लाई निजी रूपमा वित्तपोषित वा गुठीद्वारा व्यवस्थित भनेर दुई वर्गमा विभाजित गरिएको छ। धार्मिक विद्यालयहरूलाई मद्रासा, गुम्बा/विहार र आश्रम/गुरुकुल भनेर छुट्याइएको छ (इएसपी वर्किङ पेपर सिरिज, २०१३) ।

५ शिक्षा ऐनमा भएको आठौं संशोधनले नयाँ निजी विद्यालयहरू शैक्षिक गुठीको रूपमा दर्ता हुनुपर्ने प्रावधान राखेको छ।

नेपालमा विद्यालयका प्रकारहरू



चित्र १ *नेपालमा शिक्षा प्रणालीको विभाजन* *स्रोत : इएसपी वर्किङ पेपर सिरिज, २०१३*

तसर्थ सामुदायिक विद्यालयलाई यस अनुसन्धान पत्रमा सार्वजनिक विद्यालयको रूपमा बुझ्न सकिन्छ ।

नेपालमा सामुदायिक विद्यालयको वित्तपोषण

ठूलो संख्यामा केन्द्रीय र स्थानीय सरकारहरू सार्वजनिक विद्यालय प्रणालीमा संलग्न छन् । स्थापित पदक्रम छ र यी प्रत्येक अंगलाई निश्चित भूमिकाहरू दिइएका छन् । उनीहरूलाई दिइएको भूमिकाले उनीहरूले प्रत्यक्ष रूपमा नियन्त्रण गर्ने कोषको परिमाण पनि जनाउँछ :

तालिका १. शैक्षिक संस्थाको तहअनुसार बजेट विनियोजन

आर्थिक वर्ष २०६८/६९ को लागि कुल शिक्षा बजेट ६३,९१८,८३९,००० नेपाली रूपैँया अर्थात करिब ७१ करोड ८० लाख अमेरिकी डलर थियो । विनिमय दर अमेरिकी डलर १ = ८९ नेपाली रूपैँया ।

तह	संस्थाहरू (कुल संख्या)	प्रमुख भूमिकाहरू	शिक्षा बजेटको व्यवस्थापन गरेको प्रतिशत/परिमाण
राष्ट्रिय	शिक्षा मन्त्रालय (१)	शिक्षा नीति तर्जुमा गर्ने	कुल शिक्षा बजेटको १.२% ७६,८४,१२,०००[६] नेपाली रूपैँया अर्थात करिब ८६ लाख अमेरिकी डलर
राष्ट्रिय	शिक्षा विभाग (१)	देशभर शिक्षा सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने र अनुगमन गर्ने	
क्षेत्रिय	क्षेत्रिय शिक्षा निर्देशनालय (५)	क्षेत्र अन्तर्गत रहेका जिल्ला शिक्षा कार्यालयहरूको अनुगमन गर्ने	
जिल्ला	जिल्ला शिक्षा कार्यालय (७५)	विद्यालयहरूलाई व्यवस्थापन र निर्देशनात्मक मुद्दाहरूमा सहायता प्रदान गर्ने सामाजिक लेखापरीक्षणको प्रतिवेदनको समीक्षा गर्ने समुदायहरू र शिक्षा विभाग तथा शिक्षा मन्त्रालयको बीच कडीको काम गर्ने	कुल शिक्षा बजेटको २८.७५% १८,३७,७६,४६,०००[७] नेपाली रूपैँया अर्थात करिब २०,६४,९०,४०४[८] अमेरिकी डलर
गाउँ	स्रोत केन्द्र (१० ९१)	विद्यालयहरूलाई व्यवस्थापन र निर्देशनात्मक मुद्दाहरूमा सहायता प्रदान गर्ने सामाजिक लेखापरीक्षणका क्रियाकलापहरूको सुपरिवेक्षण गर्ने वित्तीय लेखापरीक्षणका क्रियाकलापहरूको सुपरिवेक्षण गर्ने	नवीनतम कार्य (जस्तै स्थानीय स्तरमा शिक्षकले तयार पारेको शिक्षा सामग्री) का लागि ५०,००० नेपाली रूपैँया अर्थात करिब ५६० अमेरिकी डलर प्रति स्रोत केन्द्र र स्रोत केन्द्र सञ्चालन गर्नको लागि जिल्ला शिक्षा कार्यालयबाट पुनरावर्ती खर्च

६ विशुद्ध गणना: रु. ७६७,०२६,०६८
७ विशुद्ध गणना: रु. १८३७६६६२२१२.५
८ विशुद्ध गणना: रु. २०,६४,२५,००० (७१.८ करोड अमेरिकी डलरको)

गाउँ	गाउँ विकास समितिहरू (३९३६)	गविसका सबै क्षेत्रको विकासका लागि बजेट विनियोजन गर्ने प्रत्येक गाविसलाई दिइने ३० लाखको बजेटबाट १० प्रतिशत शैक्षिक विकासको लागि विनियोजन गर्ने गाविसबाट अतिरिक्त स्रोत प्रदान गरेर सामुदायिक विद्यालयहरूलाई सहायता प्रदान गर्ने	३,००,००० नेपाली रूपैँया अर्थात करिब ३,३७० अमेरिकी डलर प्रति गाविस
समुदाय	विद्यालय व्यवस्थापन समिति (३३,१६०)	जिल्ला शिक्षा कार्यालयको वित्तीय सहायतामा विद्यालय व्यवस्थापनको समग्र जिम्मेवारी लिने आवश्यक सुविधा, भवन तथा शिक्षकहरूका लागि अतिरिक्त स्रोत जुटाउने	१,४०,२९,००० नेपाली रूपैँया अर्थात करिब १,५७,५३० अमेरिकी डलर (यसमा अतिरिक्त भवन तथा स्थानीय तहमा भर्ती गरिएका शिक्षकहरूको तलबको लागि हुने खर्चका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय स्तरमा जुटाएको स्रोतहरू पनि पर्दछन् ।)
समुदाय	सामाजिक लेखापरीक्षण समिति (१६५००)	शिक्षा विभागले प्रदान गरेको ढाँचामा विद्यालयका गतिविधिहरूको मूल्याङ्कन गर्ने जिल्ला शिक्षा कार्यालयमा पठाउनका लागि प्रतिवेदन प्रधानअध्यापक समक्ष पेश गर्ने सामाजिक लेखापरीक्षण समितिका लागि बजेट छैन्	वित्तीय लेखापरीक्षणको लागि १,००० नेपाली रूपैँया अर्थात करिब ११.२ अमेरिकी डलर

स्रोतः काफ्ले आदि (२०१२) मा शिक्षा विभाग २०११/१२

वर्तमान अवस्था

शिक्षा ऐनमा २०७३ मा भएको आठौं संशोधनले शिक्षासँग सम्बन्धित संरचना र व्यवस्थापनसम्बन्धी प्रावधानहरूमा विभिन्न परिवर्तनहरू गरेको छ । प्राथमिक, निम्न-माध्यमिक तथा माध्यमिक विद्यालयहरूलाई हाल दुई तहमा पुनःवर्गीकरण गरिएको छ : आधारभूत शिक्षा (कक्षा १ देखि ८) र माध्यमिक शिक्षा (कक्षा ८ देखि १२) । पहिले कक्षा १० मा लिने गरिएको प्रवेशिका परीक्षा (स्कुल लिभिङ्ग सर्टिफिकेट – एस. एल. सी. जुन अब सेकेण्डरी एडुकेशन इक्जामिनेशन – एस. इ. इ. मा परिणत भएको छ) अब देखि कक्षा १२ मा लिइनेछ । परीक्षा नियन्त्रण कार्यालयले प्रवेशिका परीक्षामा नयाँ ग्रेडिङ प्रणा(

लीको पनि शुरुवात गरेको छ जसमा परीक्षार्थीलाई विषयगत अङ्क दिनुको साटो जिपिए प्रणालीअनुसार वर्गीकरण गरिनेछ । यद्यपि, यो नयाँ ग्रेडिङ प्रणालीले प्रारम्भमा तिव्र आलोचना खेप्नु परेको थियो । वि.सं. २०७३ को प्रवेशिका परीक्षाको नतिजा अनुसार त्यस वर्ष ९७ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएका छन् (परीक्षामा बसेका कुल ४,३७,३२६ विद्यार्थीहरूमध्ये ४,२५,५८० जना) जसमध्ये कम्तीमा एउटा विषयमा डि+ (जिपिए १.२ देखि १.६ अर्थात ३० देखि ३९ प्रतिशत) भन्दा कम ल्याउने विद्यार्थीहरू आफ्नो संकायको उच्च शिक्षाका लागि अयोग्य मानिएका छन् (घिमिरे, २०१६) । अबदेखि कुनै विद्यार्थीले विज्ञान पढ्नका लागि कम्तीमा २.० जिपिए हासिल गर्नुपर्नेछ । नयाँ मापदण्डअनुसार व्यवस्थापन, मानविकी र/वा शिक्षा संकायमा भर्ना हुनका लागि कम्तीमा १.६ जिपिए आवश्यकता पर्दछ । त्यसैगरी, उच्च माध्यमिक शिक्षा परिषदको अनुसार कक्षा ११ मा भर्ना हुनका लागि पाँच अनिवार्य विषयहरू - अङग्रेजी, नेपाली, गणित, सामाजिक शिक्षा र विज्ञान- मा कम्तीमा डि+ ल्याएको हुनुपर्छ (घिमिरे, २०१६) । निश्चित संकायमा विद्यार्थीको पहुँचमा बन्देज लगाएको कारणले गर्दा यस नयाँ प्रणालीको आलोचना भएको छ (घिमिरे, २०१६) । नयाँ प्रणालीको कार्यान्वयनलाई लिएर अन्यौल व्याप्त छ किनकी विद्यार्थीहरूमा यो अभ्यास आन्तरिकीकरण नगरीकन नै यो ग्रेडिङ प्रणाली लागु गरिएको थियो (श्रेष्ठ, २०१६) ।

नेपालमा सार्वजनिक शिक्षा विभिन्न कारणहरूले गर्दा आलोचित बन्दै आएको छ, मुख्यगरी राष्ट्रिय स्तरको परीक्षामा राम्रो नतिजा ल्याउन नसकेको कारणले गर्दा । ठूलो परिमाणमा रहेको यस सम्बन्धित पूर्वकार्यहरूमा नेपालमा सार्वजनिक विद्यालयहरूले उत्पादन गरेको शिक्षाको गुणस्तर माथि निरन्तर प्रश्नचिन्ह उठाइएको छ । विश्व बैंक (२००१) ले नेपालको सार्वजनिक शिक्षाको अधोगतिमा योगदान दिने कारणहरूमा शिक्षकशिक्षिकाहरूको उच्च राजनीतिकरण, जिल्ला शिक्षा अधिकारीको बारम्बार सरुवा र परिवर्तन, शिक्षासम्बन्धी नियम तथा नियमनमा बारम्बार परिवर्तन, 'सामुदायिक' विद्यालयहरूको स्थानीय स्वामित्वमा ह्रास, केन्द्रीकृत शिक्षा प्रणाली र शिक्षकहरूको कमजोर व्यवस्थापन (समृद्धि फाउण्डेशन, २०१५ मा उद्धृत गरिए अनुसार) रहेको पाएको छ ।

वि.सं. २०७३ असार ३१ सम्ममा कुल १,३३९ वटा सार्वजनिक विद्यालयहरू गाभिएका छन् (अर्याल, २०१६) । विद्यालय गाभ्न वा बन्द गर्न सरकारले तोकेका दुई मुख्य अवस्थाहरू शून्य भर्नादर/न्यून भर्नादर भएमा र/वा कागजमा मात्र सिमिति 'घोष्ट' विद्यालय भएमा (अर्याल, २०१६) । निजी विद्यालयहरू प्रतिको बढ्दो आकर्षणलाई पनि अनौपचारिक रूपमा न्यून भर्नादरको कारकको रूपमा पहिचान गरिएको छ (अर्याल, २०१६) । विज्ञहरू[९] सँगको परामर्शमा पनि सार्वजनिक विद्यालय प्रणालीका प्रमुख समस्याहरू उजागर भएका थिए जसलाई हामीले विभिन्न सार्वजनिक विद्यालयहरूमा गहन अध्ययन गरेर थप जान्ने लक्ष्य राखेका थियौं । यसै कारणले हामीले काठमाडौं र पूर्वी नेपालका केही विद्यालयहरूको आँकडा अध्ययन गऱ्यौं जसलाई हामी अर्को अध्यायमा छलफल गर्छौं ।

९ समृद्धि फाउण्डेशन निजी रुपमा अन्तरवार्ता लिइएका स्रोतहरुको खुलासा नगर्ने अधिकार राख्दछ ।

अध्याय २

नेपालका सामुदायिक विद्यालयहरूलाई बुझ्दा

अध्ययन स्थलको परिचय

नेपालको पूर्वाञ्चल क्षेत्रमा पर्ने इलाम जिल्ला मेची अञ्चलका तीन पहाडी जिल्लाहरू मध्येको एक हो (इलाम नगरपालिका, २०१३) । यो जिल्ला १,७०३ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको छ र गुणस्तरीय चियाको उत्पादनका लागि देशभर कहलिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार इलाममा रहेका घरधुरीको संख्या ६४,५०२ र कुल जनसंख्या २,९०,२५४ रहेको छ ।

नाम्सालिङ गाविस इलाम जिल्लाको मध्य पूर्वमा अवस्थित छ । यस गाविसमा १,२९९ घरधुरी र ५,७५२ व्यक्तिहरू (२,७७८ पुरुष र २,९७४ महिला)को बसोबास रहेको छ (जनगणना ब्युरो, २०११) ।

श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालय

वि.सं. २००६ (सन् १९४९) मा स्थापना भएको श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयमा गत शैक्षिक सत्रमा कुल ३१२ विद्यार्थीहरू (१८२ छात्रा र १३० छात्र) रहेका थिए (२०७२ चैत्रसम्ममा) ।

श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयले देशमा भएका अन्य सामुदायिक विद्य(ालयहरू जस्तै सरकारबाट पैसा प्राप्त गर्दछ जुन जिल्ला शिक्षा कार्यालयको माध्यमबाट विद्यालयसम्म प्रवाह हुन्छ । जिल्ला शिक्षा कार्यालयले सामुदायिक विद्यालयहरूलाई शैक्षिक वर्षभरीमा चार किस्तामा रकम प्रदान गर्दछ (प्रत्येक वर्ष बैशाखमा शुरु भएर) । उक्त कोषलाई चारवटा विभिन्न शीर्षकमा वर्गीकरण गरिएको छ । मुख्यत शिक्षकशिक्षिकाहरूको संख्या (विभिन्न तहमा नियुक्ती गरिएको) ले प्राप्त हुने कोषको रकम निर्धारण गर्दछ ।

तालिका २: शैक्षिक वर्ष २०७१-७२ मा श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयलाई दिइएको कुल अनुदान

अनुबन्धित शीर्षकहरू	**प्राप्त रकमः**
प्राथमिक विद्यालय तलबहरू	५३५०७८
प्राथमिक विद्यालय राहत तलबहरू	१६७५७०
माध्यमिक/निम्न माध्यमिक विद्यालय तलबहरू	२३५३०७१
उच्च माध्यमिक विद्यालय तलबहरू	५०८६६०
विद्यालय मसलन्द खर्चहरू (गैरतलब)	५००००
आधारभूत तहको छात्रा छात्रवृत्ति रकम	३७५००
आधारभूत तहको दलित छात्रवृत्ति रकम	१२५००
प्राथमिक विद्यालय प्रति बच्चा अनुदान गैरतलब	१००५०
निम्नमाध्यमिक प्रति बच्चा अनुदान गैरतलब	१९७२०
माध्यमिक विद्यालय प्रति बच्चा अनुदान गैरतलब	२६६४०
आधारभूत तहको पाठ्यपुस्तक	८५९९
निम्न माध्यमिक तहको पाठ्यपुस्तक	४००१०
माध्यमिक तहको पाठ्यपुस्तक	४३९७६
दलित विद्यार्थी र छात्राहरूको लागि कक्षा ११/१२ को पाठ्यपुस्तक	१९०००
माध्यमिक शिक्षा छात्रवृत्ति	१७०००
'लोपोन्मुख' जातका विद्यार्थीहरूको लागि छात्रवृत्ति - आधारभूत तह	२०००
'लोपोन्मुख' जातका विद्यार्थीहरूको लागि छात्रवृत्ति - माध्यमिक तह	३४००
अपाङ्गका लागि छात्रवृत्ति- आधारभूत तह	१०००
अपाङ्गका लागि छात्रवृत्ति- माध्यमिक तह	२८०००
कक्षा ८ परीक्षा सुधार कार्यक्रम	४५३४
विद्यालय कर्मचारी व्यवस्थापन खर्च	७७३९५.५
उच्च माध्यमिक विद्यालय प्रति बच्चा अनुदान गैरतलब	६६००
माध्यमिक विद्यालय दलित छात्रवृत्ति	६०००
जम्मा	**३९७८३०३.०५**



चित्र २: श्री नामसालिङ्ग उमाविका लागि विनियोजन गरिएको कोषको विवरण - २०७२/७३ को दोस्रो किस्ता

चित्र २ मा देखिएअनुसार, प्राप्त हुने कूल रकम मध्ये ८९ प्रतिशत रकम तलबको प्रयोजनका लागि प्रदान गरिएको छ - प्राथमिक विद्यालयको तलब, प्राथमिक विद्यालय र ाहत, निम्न माध्यमिक/माध्यमिक तलब र उमावि तलब । कूल रकमको ५ प्रतिशत भन्दा कम रकम छात्रवृत्तिका लागि विनियोजन गरिएको छ । अनुदानमा आउने अधिकांश र कमहरू चालू खर्चमा सकिने कुरा जाहिरै छ, जसले अन्य आपतकालिन आवश्यकताहरू (जस्तै बिग्रदै गरेको भौतिक संरचनाको पुनर्निर्माण)मा खर्च गर्न वा शिक्षण पद्धतिको सुधार गर्न (उदाहरणका लागि पुस्तकालयमा पुस्तकहरूको पुन:संग्रह)का लागि एकदमै कम रकम विनियोजित छ । भौतिक आवश्यकताहरूका लागि शैक्षिक सत्र भित्र थप रकमको माग

गर्नका लागि विद्यालयहरूलाई छुट छ, भ्रमण गरिएका विद्यालयहरूले सामान्य मर्मत बाहेक अन्य कुराका लागि रकम अपर्याप्त रहेको गुनासो गरेको थिए ।

व्यवस्थापन संरचना

चित्र ३: सामुदायिक विद्यालयहरूको सञ्चालन-व्यवस्थापन संरचना

जिल्ला स्तरमा, जिल्ला शिक्षा कार्यालय शिक्षा व्यवस्थापनको सबैभन्दा माथिल्लो स्थानमा रहन्छ । विद्यालयको नेतृत्व प्रधानाध्यापकले गर्दछन् । विद्यालयसँग सम्बन्धित महत्वपूर्ण निर्णय लिने सम्बन्धमा विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र शिक्षक-अभिभावक संघले सहयोग गर्दछन् । शिक्षक-अभिभावक संघको तुलनामा वि.व्य.सं.सँग विद्यालयले लिने निर्णयका उपर बढी अधिकार/शक्ति हुन्छ, जसमा शिक्षकहरूको भर्ति र विद्यालयको आर्थिक हिसाब-किताबको सुपरिवेक्षण समेत पर्दछ, जसका बारेमा यस कार्यपत्रको पछिको खण्डहरूमा चर्चा गरिने छ । उप-प्रधानाध्यापक कमाण्डको दोस्रो व्यक्तिको रुपमा रहन्छन् जसले शिक्षणसम्बद्ध कर्मचारी तथा गैर शिक्षण कर्मचारीहरूको सुपरिवेक्षण गर्दछ ।

शिक्षकको भर्ती तथा तालिम

शिक्षा ऐनको आठौं संसोधनमा शिक्षकहरूको भर्तीलाई शिक्षा सेवा आयोग ऐन २०७२ अन्तर्गतको शिक्षक सेवा आयोगले सुपरीवेक्षण गर्ने उल्लेख भएको छ। यस सेवा आयोगलाई शिक्षक र/वा अन्य कर्मचारी भर्ती र आवश्यकता अनुसारको पदोन्नतिको व्यवस्थापन गर्नका लागि विकास गरिएको हो । आयोगले समयमा शिक्षक नियुक्ति गर्न नसकेमा सामुदायिक विद्यालयहरुमा यस भूमिकालाई विद्यालय व्यवस्थापन समिति वा उक्त विद्यालयलाई सहयोग गर्न संलग्न भएको अन्य स्थानीय शिक्षा निकायले पूरा गर्न सक्छ ।

आठौं संसोधनको अनुसार, उक्त क्षेत्रको जिल्ला शिक्षा कार्यालयबाट शिक्षा विभागलाई

प्रत्येक ६ महिनामा शिक्षकहरूको आवश्यकताको विवरण बुझाउन अपेक्षा गरिएको हुन्छ। त्यसपश्चात शिक्षा विभागले सम्बन्धित विद्यालयसँग पेश गरिएका आवश्यकताका बारेमा विवरणको जाँच गदर्छ र आवश्यक परेका स्थानहरूमा शिक्षक नियुक्ति गर्न शिक्षक सेवा आयोगलाई पत्रचार गर्दछ।

शिक्षा आयोगले त्यसपश्चात औपचारिक रुपमा (विज्ञापन मार्फत) आवश्यक रिक्त स्थानहरूमा आवेदन दिनका लागि योग्य शिक्षकहरूलाई आव्हान गर्दछ । खुला आवदेनहरूको आव्हान गर्नु पूर्व, यस आयोगले आन्तरिक रुपमा योग्य शिक्षकहरूलाई यी आवश्यकताहरूमा आवदेन दिनका लागि सूचना जारी गर्दछ । यो ऐनले यी पदहरूमा आवदेन हाल्न सक्ने योग्य अस्थायी शिक्षकहरूको प्रकृतिलाई सूचीकृत गरेको छ । यदि अस्थायी शिक्षहरूले मात्रै यी रिक्त पदहरू पूर्ति गर्न नसकेको खण्डमा मात्रै खुला आवेदन आव्हान गरिन्छ। खुला आवेदन मार्फत शिक्षकहरूको छनौट गर्दा, आठौं संसोधनले लिखित परिक्षा, अन्तर्वाता तथा (वैकल्पिक) प्रयोात्मक परिक्षा हुने व्यवस्था गरेको छ।

विद्यालय व्यवस्थापन समितिहरूलाई पनि शिक्षकहरूको नियुक्ति गर्न स्वतन्त्रता छ – यदि, अघि भनिएजस्तै, विद्यालयहरू सामुदायिक व्यवस्थापनको रुपमा परिभाषित गरि एको छन् भने । यसका साथै, 'सार्वजनिक विद्यालयहरूमा' प्रायः सार्वजनिक शिक्षकहरू (शिक्षक सेवा आयोगले सञ्चालन गर्ने सार्वजनिक विद्यालय शिक्षक परिक्षामा उत्तीर्ण भएका शिक्षकहरू) हुने भएता पनि, यी विद्यालयहरूले निजी शिक्षकहरू नियुक्ति गर्नु असामान्य होइन। हामीसँग कुरा गरेका धेरै सामुदायिक विद्यालयका प्रमुखहरूले निरन्तर रुपमा निजी शिक्षकहरू नियुक्ति गरेको बताएका थिए (विशेषगरी, गणित वा अङ्ग्रेजी जस्ता विषयहरूका लागि) । यस्ता नियुक्तिहरू प्रायः अस्थायी प्रकृतिका हुन्छन्। विद्यालयहरूले प्रायः यी शिक्षकहरूको आय ति शिक्षकहरूले पढाउने विद्यार्थीहरूबाट थोरै शुल्क उठाएर व्यवस्था गर्दछन्। निजी विद्यालयका शिक्षकहरू सार्वजनिक विद्यालयमा थप सामान्य हुँदै गएका छन् किनभने, हाम्रो स्थानीय परामर्श/छलफल मार्फत आएको निष्कर्षअनुसार, लोकसेवा तर्फ लाग्ने सम्भावना सार्वजनिक विद्यालयका शिक्षकहरू बढी हुन्छ।

विषयवस्तु तथा पाठ्यक्रम

निजी तथा सार्वजनिक दुवै विद्यलायहरूको विषयवस्तु तथा पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रमप्रारुपमा आधारित रहेको छ र यसलाई पाठ्यक्रम विकास केन्द्रले विकास गरेको हो । यस केन्द्रले पाठ्यक्रमको विकास गर्दा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्तथा शिक्षा मन्त्रालय अर्न्तगतका अन्य निकायहरूको सुझाव पनि आत्मसाथ गर्दछ। सार्वजनिक विद्यालयहरूले पाठ्यक्रमलाई सीमित रुपमा अनुसरण गरेको पाइन्छ भने निजी विद्यालयहरूले भने निर्धारित पाठ्यक्रमलाई थप पाठ्यपुस्तकले पूरक गरेको पाइन्छ । विज्ञहरूसँगको परामर्शको नतिजाअनुसार, यी पुस्तकहरू प्रायः विदेशी छापाखाना विशेषगरी भारतबाट ल्याइन्छ।

तालिका ३: नेपालका विद्यालयको लागि निर्धारित पाठ्यक्र

तह	चरण/संकाय	अध्ययनको प्रमुख क्षेत्र	विषय
आधारभूत शिक्षा कक्षा १-८	पहिलो चरण (कक्षा १-३)	भाषा, गणित, सामाजिक शिक्षा, सिर्जनात्मक कला, आवश्यकतामा आधारिक स्थानीय शिक्षा	एकीकृत पाठ्यक्रममा आधारित भएर, अध्ययनका प्रमुख क्षेत्रहरूलाई समावेश गर्ने गरी एक क्रियाकलापकयुक्त पाठ्यपुस्तको विकास गरिनु र कार्यान्वयन गरिनु पर्दछ ।
	दोस्रो चरण (कक्षा ४-५)	नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक शिक्षा	अनिवार्य: नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक शिक्षा । विद्यालयले आवश्यकतामा आधारिक स्थानीय शिक्षाका दुई अतिरिक्त विषयह(रूको छनौट गर्न सक्छ । सामाजिक शिक्षाको पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित हुनुपर्दछ र यसले विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा जस्ता विषयहरूलाई समायोजन गर्नु पर्दछ ।
	तेस्रो चरण (कक्षा ५-९)	भाषा, गणित, सामाजिक शिक्षा, विज्ञान	अनिवार्य: नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक शिक्षा, विज्ञान । पहिलो अतिरिक्त विषय: भाषा/अन्य दोस्रो अतिरिक्त विषय: स्थानीय विषय (सीपमूलक, व्यापार तथा व्यवसाय र अन्य)
माध्यमिक शिक्षा (कक्षा ९ र १२)	सामान्य संकाय (कक्षा ९-१२)	सामान्य संकाय: भाषा, विज्ञान, गणित, सामाजिक शिक्षा, स्थानीय विषय	एकल ट्र्याक प्रणालीको अनुसार, आवश्यक व्यवस्थाहरू गरिने छ ।
	व्यवसायिक सीप संकाय - कक्षा ९-१२)	व्यवसायिक/प्राविधिक संकाय: कृषि, वन विज्ञान, चिकित्सा विज्ञान, इन्जि(नियरिङ्ग	विषयका क्षेत्रको प्रकृति तथा विशेषताह(रूलाई मध्यनजर गर्दै, विशेष प्राविधिक कार्यसमितिको सल्लाह तथा सुभावमा आधारित रहेर आवश्यक प्रावधानहरूको व्यवस्था गरिनेछ ।

स्रोत: नेपालको विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३

विद्यालय क्षेत्र सुधार परियोजना २०१६-२०२३को कार्यान्वयनका लागि कामको शुरुवात भएसँगै तालिका ३ मा देखाइएअनुसार, हालको पाठ्यक्रम प्रारुपमा परिवर्तन हुने अपेक्षा गरिएको छ (द हिमालयन टाइम्स्, २०१६) । स्थानीय सरोकारहरूलाई उक्त परिमार्जनले कति समेट्छ भन्ने कुरा हेर्न बाकीँ नै छ । विद्यालय व्यवस्थापन समिति महासंघ[१०]सँगको कुराकानीले हालको अधिकांश विषय तथा पाठ्यक्रमले सैद्धान्तिक प्रकृतिको रहेको र यो उपयुक्त जीवन उपयोगी सीपहरूको विकास गर्न थोरै मात्रै केन्द्रित रहेको कुरामा जोड दिएको थियो ।

तालिका ४: श्री नामसालिङ्ग उच्च माध्यमिक विद्यालय २०७१ परिक्षाफल

कक्षा	अन्तिम परिक्षामा सहभागी (संख्या)	अन्तिम परिक्षमा उत्तीर्ण	उत्तीर्ण प्रतिशत
१	१३	६	४७
२	१३	९	६०
३	१५	१०	६७
४	१३	१३	१००
५	१२	१२	१००
६	३०	२९	९७
७	४०	४०	१००
८	४०	३६	९०
९	८९	८९	१००
१०	७४	१६	२२
११	८	२	२५
१२	१५	३	२०

तलिका ४ मा देखिए झैँ, विभिन्न वर्षहरूमा उत्तीण प्रतिशतमा उतारचढाव छ । यसमा उल्लेखनीय विन्दू कक्षा ९ र १०बीचको उत्तीण प्रतिशत फरक हो । कक्षा ९ मा १०० प्रतिशत विद्यार्थी उत्तीण भएको देखिन्छ भने, कक्षा १०मा यो प्रतिशत नाटकीय रुपमा झरेर २२ प्रतिशतमा आउँछ । यी संख्याहरूले प्रश्न उठाउछन् – के शिक्षकहरू यसमा दोषि छन् वा पाठ्य संरचना आफैँमा दोषी छ ?

१० विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका लगभग ३०,००० सामुदायिक विद्यालयहरुको छाता संगठन हो र उक्त संघ काठमाण्डौँबाट काम गर्दछ ।

विद्यालय व्यवस्थापन समिति

नेपालका विद्यालयहरूको हकमा लामो समय देखि विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) एक अभिन्न विशेषता भएका छन्, तर सबै सार्वजनिक तथा निजी विद्यालयहरूमा यी समितिहरूलाई सन् २००१ पछि मात्रै अनिवार्य बनाइयो (रिडा नेपाल, यूनेस्कोमा उल्लेख भएअनुसार, एन.डी.)। यो संसोधन भन्दा अघि, 'यी समितिहरूमा प्रतिनिधित्व गर्नका लागि सही अभिभावक अथवा स्थानीय समुदायका लागि नगन्य वा कुनै पनि अवसर थिएन' किनभने नियुक्ति मुख्यतः राजनैतिक हुन्थे (रिडा नेपाल, यूनेस्कोमा उल्लेख भएअनुसार, एन.डी.) ।

शिक्षा ऐनको सातौं संसोधन २०५८ले माथि उल्लेख भएको शर्तको अनिवार्य कार्यान्वयनमा ल्यायो, र वि.सं. २०७२को आठौं संसोधनले वि.व्य.स.को संरचनामा परिवर्तन गरेको छ ।

शिक्षा ऐनको आठौं संसोधनले सामुदायिक विद्यालयका वि.व्य.स. देहाय बमोजिमका सदस्यहरू सहित गठन गर्ने व्यवस्था गरेको छ :

क) अभिभावकहरूले आफूहरूबाट दुईजना महिला हुने गरी चारजनाको छनौट गर्ने – सदस्यहरू

ख) विद्यालय अवस्थित रहेको गाविस वा नगरपालिकाको वडाको वडाध्यक्ष अथवा वडा समितिबाट मनोनित भएको वडाको उम्मेद्वार – सदस्य

ग) विद्यालयको संस्थापक/स्थानीय बुद्धिजीवी/शिक्षाविद/ विद्यालयलाई दश वर्षको अवधिसम्म निरन्तर सहयोग गर्ने व्यक्तिहरूबाट विद्यालय व्यवस्थापन समितिले छनौट गरेको एक व्यक्ति सहित दुई व्यक्ति (जसमध्ये एक महिला) अथवा विद्यालयलाई १० लाख वा सो भन्दा बढीको रकम वा जिन्सी वस्तु दान गर्ने दाताहरूबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक व्यक्ति ।

घ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूबाटै छनौट गरेको एक शिक्षक - सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

आठौँ संसोधनले उपखण्ड (क), (ख) र (ग)मा सूचीकृत भएका व्यक्तिहरूबाट कोही एक व्यक्तिलाई समितिको अध्यक्षको रुपमा छनौट गरिनु पर्ने कुरा पनि उल्लेख गरेको छ। यदि अध्यक्षको छनौट हुन नसकेको खण्डमा, समितिको सबैभन्दा पाको सदस्यले समितिको अध्यक्ष निर्वाचित नहुँदासम्म अध्यक्षको भूमिका निर्वाह गर्नुपर्दछ।

शारीरिक रुपमा विभेदमा परेकाहरूका लागि विशेष कक्षा सञ्चालन गरिरहेका विद्यालयका हकमा अतिरिक्त प्रावधानहरू पनि रहेका छन् जसमा समितिको ५० प्रतिशत सदस्यहरू शारीरिक रुपमा अशक्त विद्यालर्थीको अभिभावक हुनुपर्दछ र शारीरिक रुपमा अशक्त कम्तीमा १ सदस्य समावेशी विद्यालयको सदस्य हुनुपर्ने उल्लेख गरिएको छ।

अर्को सन्दर्भमा, निजी विद्यालयहरूको वि.व्य.स.को संरचना सातौँ संसोधनले उल्ले ख गरेअनुसारकै विद्यमान रहेको छ:

क) सम्बन्धित विद्यालयको संस्थापक वा लगानीकर्ताको सिफारिस जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको एक व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरूबाट वि.व्य.स.ले मनोनित गरेको एक व्यक्ति - सदस्य

ग) सम्बन्धित विद्यालय अवस्थित रहेको गाविस वा नगरपालिकाको वडाको वडाध्यक्ष – सदस्य

घ) गाविस वा नगरपालिकाले मनोनित गरेको एक स्थानीय बुद्धिजीवी वा शिक्षाविद - सदस्य

ङ) सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक - सदस्य

च) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूबाटै छनौट गरेको एक शिक्षक - सदस्य

छ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

सातौँ संसोधनले गरको व्यवस्थाअनुसार अध्यक्ष तथा सदस्यहरूको कार्यकाल दुई वर्षको हुन्छ। आठौँ संसोधन भन्दा अघिको अवस्थामा यूनेस्को (एन.डी.) मा उल्लेख भए

अनुसार रिडा नेपालले यस्तो टिप्पणी गरेको छ *"अभिभावकका प्रतिनिधिहरू प्रत्यक्ष निर्वाचन मार्फत निर्वाचित हुन्छन् । प्रत्येक विद्यालयले विद्यालयमा भर्ना भएका विद्यार्थीका अभिभावकबाट मतदान गर्न योग्य अभिभावकहरू मतदाता नामावली तयार पार्दछ । अभिभावकको भेलाले वि.व्य.स.को सूचीलाई अन्तिम रुप दिन्छ । यसले स्थानीय कुलीन वा गैर अभिभावकहरूलाई वि.व्य.स.को पदाधिकारी हुनबाट रोक्दछ ।"*

संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूको हकमा वि.व्य.स.को काम कर्तव्य भिन्न भिन्न रुपमा उल्लेख गरिएको छ । सातौं संसोधनमा उल्लेख भएका मुख्य काम कर्तव्यमा निम्नानुसारका कुराहरू समावेश छन्:

क) स्रोतको परिचालन (विशेषगरी आर्थिक)

ख) अभिलेखीकरण (शैक्षिक, आर्थिक र विद्यालयको सम्पत्ति)

ग) बजेट विनियोजन

घ) विद्यलायको मैदान तथा सम्पत्तिको रेखदेख

ङ) नयाँ शिक्षकहरूलाई जिम्मेवारी प्रदान गर्ने

च) विद्यालयको प्रतिवेदनहरूको समयमा नै परीक्षण गर्ने

छ) जिल्ला शिक्षा समिति तथा जिल्ला शिक्षा कार्यालयले जारी गरेका निर्देशनहरूको पालना गर्ने

ज) खुला प्रतिस्पर्धाका आधारमा शिक्षक सेवा आयोगबाट शिक्षक इजाजतपत्र लिएका योग्य उम्मेद्वारहरूलाई नियुक्ति गर्ने

झ) शैक्षिक मापदण्डलाई उकास्नका लागि अभिभावक–शिक्षक संघको तोकिए बमोजिम गठन गर्ने

संस्थागत विद्यालयहरूको हकमा, सातौं संसोधनले, थोरै भिन्नता सहित वि.व्य.स.का निम्न कर्तव्यहरू निर्धारण गरेको छ:

क) स्रोतको परिचालन

ख) सरकारले स्वीकृत गरेका पाठ्यक्रम तथा पाठ्यपुस्त लागु गर्ने र अन्य पूरक पुस्तकहरू प्रयोग गर्नका लागि पाठ्यक्र विकासम केन्द्रबाट स्वीकृति लिने

ग) योग्य तथा दक्ष शिक्षकहरूको नियुक्ति गर्ने तथा उनीहरूलाई सरकारले तोकेको मापदण्डको आधारमा भुक्तानी गर्ने

घ) सरकारले दिने निर्देशनलाई कार्यान्वयन गर्ने

स्थलगत अन्तर्वार्ता तथा अन्य द्बितियक अभिलेखहरूबाट विद्यालय व्यवस्थापन समितिका निर्वाचनहरूलाई एक महत्वपूर्ण घटनाको रुपमा लिइन्छ भन्ने कुरा मनन गर्न सकिन्छ । नामसालिङ्गका शिक्षक तथा समुदायका सदस्यहरूले स्थानीय विद्यालयहरूमा हुने विद्यालय व्यवस्थापन समितिका निर्वाचनहरू दलगत निर्वाचन भन्दा फरक नहुने कुराको टिप्पणी अत्यन्तै शिघ्र गरेका थिए । विद्यालय व्यवस्थापन समितिमा पदासिन हुनु भनेको समुदायको प्रभावशाली पदमा पुग्ने तथा कुनै पनि संस्था (यहाँ विद्यालय)ले आफ्ना स्रोतहरूको परिचालन गर्ने विषयमा आफ्नो प्रभाव राख्न सक्षम हुने छिटो तथा सजिलो उपाय जस्तो देखिन्थ्यो । वास्तवमा, विद्यालयलाई विनियोजन हुने रकममा प्रधानाध्यापक तथा वि.व्य.स.को अध्यक्षको हस्ताक्षर मात्रै आवश्यक हुन्छ । यसले विशेषगरी यी दुई पदलाई अत्याधिक शक्ति दिन्छ ।

सामाजिक परीक्षण (सोसल अडिट)

'विद्यालयका सरोकारवालाहरूको प्रत्यक्ष सहभागीता तथा अन्तर्क्रिया मार्फत विद्यालय व्यवस्थापनको विविध पक्षहरूको मापन तथा मूल्याङ्कन गर्ने प्रक्रिया नै सामाजिक परीक्षण हो' (विश्व बैंक, २०१२) । यी परीक्षणहरू समुदाय तथा विद्यालयको सञ्चालनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित अन्य सम्बन्धित पक्षहरूले निर्णय गरेका उद्देश्यहरू विद्यालय पूरा गऱ्यो वा गरेन भन्ने मूल्याङ्कन गर्ने साधन हुन् ।

विश्व बैंकको सहयोगमा सञ्चालित समुदायिक विद्यालय सहयोग परियोजना अर्न्तगत सन् २००३ मा सामाजिक परीक्षण नेपालमा शुरु गरिएको थियो । तत्पश्चात परीक्षण कार्यको प्रारुपको रुपमा केही समयमा नै शिक्षा विभागले 'सामाजिक परीक्षण गर्ने सम्बन्धीको निर्देशिका' को विकास गऱ्यो । सार्वजनिक सहयोगमा सञ्चालित सामुदायिक विद्यालयहरूमा सन् २००९ देखि सामाजिक परीक्षण अनिवार्य गरिएको छ (विश्व बैंक, २०१२) ।

सामुदायिक विद्यालयहरूको सामाजिक परीक्षण एक ६ सदस्यीय सामाजिक परीक्षण समितिले सञ्चालन गर्दछ। विश्व बैंककोअनुसार, उक्त समितिमा निम्नानुसारका व्यक्तिहरू समावेश हुन्छन्:

- शिक्षक-अभिभावक संघको अध्यक्ष - संयोजक
- विद्यालयमा अध्ययनरत विद्यार्थीका दुई अभिभावक (एक महिला सहित)
- विद्यालय अवस्थित रहेको वडाको अध्यक्ष - सदस्य सचिव
- विद्यालयको प्रधानाध्यापकले मनोनित गरेको एक शिक्षक - सदस्य
- शिक्षक-अभिभावक संघद्वारा मनोनित एक बुद्धिजीवी - सदस्य
- यसका अतिरिक्त, विद्यालयको सबैभन्दा माथिल्लो कक्षामा प्रथम हुने एक महिला तथा एक पुरुष विद्यार्थीहरूले पर्यवेक्षकको भूमिकामा सहभागी हुन्छन्।

सामाजिक परिक्षण एक प्रशासनिक उपाय हुनु पर्ने अपेक्षा राखिन्छ जुन नीतिगत तहमा एक सुशासनको साधनको रुपमा रुपमान्तरण हुन्छ। यद्यपि, शिक्षा विभाग आफैले गरेको एक अध्ययनअनुार, स्थानीय तहमा गरेको विश्लेषणले सामुदायिक विद्यालयका अधिकांश अभिभावकहरू सामाजिक परीक्षणको अभ्यासका बारेमा अनविज्ञ रहेको देखाएको छ। यसले यो परीक्षणमा एक लोकतान्त्रिक अभ्यासको साधनको रुपमा हुनुपर्ने विशेषतालाई धेरै हदसम्म घटाएको छ ।

सामाजिक परीक्षण भदौ महिनामा सञ्चालन गरिन्छ र असोजको १५ गते भित्रमा विद्यालय व्यवस्थापन समिति तथा विद्यालय निरिक्षकलाई सोको प्रतिवेदन बुझाइन्छ (विश्व बैंक, २०१२) । प्रतिवेदन बुझाइए पश्चात, विद्यालय निरिक्षकले कुनै टिप्पणी भएमा प्रतिवेदनमा टिप्पणी गर्दछ र उक्त टिप्पणीहरूलाई आत्मसाथ गरेपछि, उक्त प्रतिवेदन सम्बन्धित जिल्ला शिक्षा कार्यालयलाई प्रतिवेदन प्राप्त भएको एक महिना भित्र पेश गरिन्छ (विश्व बैंक, २०१२) ।

श्री नामसालिङ्ग उच्च माध्यमिक विद्यालयमा 'सरोकारवालाहरूबीचको आपसी समझ(दारीको अभावमा ' सन् २०१० देखि सन् २०१५सम्म सामाजिक परीक्षणको कार्य स्थगित गरिएको थियो । तसर्थ, उक्त विद्यालयमा समाजिक परीक्षण पाँच वर्षको अन्तरालमा स्थानीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, शिक्षक, छनौट गरिएका विद्यार्थी तथा अभिभावकहरूको उपस्थितिमा सञ्चालन गरिएको थियो (व्यक्तिगत वार्तालाप, नाम उजागर नगरिएको) । यसमा चित्तरञ्जक कुरा के छ भने, उक्त दस्तावेज स्थानीय र ाजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूको सम्बोधनबाट शुरु हुन्छ - प्राविधिक रुपमा यी प्रतिनिधिहरू सामाजिक परीक्षणमा उपस्थित हुनुहुदैन तर निर्देशिका तोकिएअनुसारको 'बुद्धिजीवी' वर्गमा उनीहरूले त्यसो गर्ने सम्भावना भने हुन्छ ।

विद्यालयको आर्थिक लेखा परीक्षण, शैक्षिक वर्ष भित्र लिइएका व्यवस्थापकीय तथा प्रशासनिक निर्णयहरू, र विद्यार्थीहरूको अन्तिम परीक्षाफलको बारेमा जाँच गर्ने साधनको रुपमा सामाजिक परीक्षणको भूमिकालाई हुनु पर्दथ्यो। नीतिगत तहमा यो एक प्रशंसायोग्य अभ्यास भएता पनि कार्यान्वयन सक्रियता भन्दा निकै पर रहेको छ। अधिकांश अभिभावकहरू यो अभ्यासका बारेमा अनविज्ञ रहेको पाइएको छ ।

सामुदायिक विद्यालय प्रणालीको एक परीक्षा

यस खण्डले स्थानीय तहमा पहिचान भएका तथा शिक्षाविद्हरूले पहिचान गरेका समस्याहरूको गहिरो परीक्षण विश्लेषण गर्ने उद्देश्य राखेको छ । तसर्थ, यो (खण्ड) मुद्दाहरूको विवेचन हो जुन यस भन्दा पछि नविनतम शिक्षासम्बन्धी उद्यमहरूले यी मुद्दाहरूलाई सम्बोधन गर्न सक्छन् कि भनेर बुझ्ने कुरामा केन्द्रित रहनेछ ।

प्राथमिक रुपमा सैद्धान्तिक विश्लेषण (thematic analysis) सँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ जसमा अति महत्वपूर्ण विषयवस्तु (थिम)हरूको पहिचान तथा परीक्षण गरिएको थियो । प्रारुप (डिजाइन)को चरणमा नै पहिलो प्रश्नावलीमा महत्वपुर्ण विषयवस्तुहरू पहिचान गरिएको थियो जसलाई तथ्यांक संकलन पश्चात पुनः जाँच गरिएको थियो । दस्तावेजहरूको अध्ययन, क्षेत्रगत विज्ञहरूसँगको परामर्श तथा स्थानीय तहबाट संकलन गरिएका तथ्यांकले विभिन्न विषयवस्तुहरू अगाडि ल्याइदियो जसलाई यस खण्डमा चर्चा गरिनेछ ।

क) विद्यालयहरूमा अत्याधिक राजनीतिक घुसपैठ

सबैभन्दा ठूलो समस्या मध्ये एकको रुपमा विद्यालय उपर स्थानीय राजनीतिकर्मी तथा राजनीतिक दलका प्रतिनिधिहरूको बलियो प्रभावलाई पहिचान गरिएको थियो । यस भन्दा अघि उल्लेख गरिए झैं, श्री नामसालिङ्ग उ.मा.वि.लाई राजनीतिक फैलावटका लागि एक सक्रिय स्थानको रुपमा हेरिएको थियो । धेरै सामुदायिक विद्यालयहरूमा वि.व्य.स.को निर्वाचनलाई स्थानीय निकायको निर्वाचनकै महत्वले हेरिन्छ । यसका लागि एक प्रमुख कारण भनेको नेपालमा वि.सं. २०५३साल देखि स्थानीय निकायको निर्वाचन नहुनु हो । जब तात्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले ‘वि.सं. २०५८सालमा नयाँ निर्वाचन बिना नै नगरपालिका तथा गाविस परिषद्हरू विघठन गरे, अनिर्वाचित स्थानीय राजनीतिज्ञका कार्यकर्ताहरूले सबै निर्णयहरू गर्न थाले’ (नेपाली टाइम्स, अप्रिल-मइ, २०१६) । स्थानीय पदहरूमा निर्वाचनको अभावमा प्रतिस्पर्धा हुन सकेन, प्रायः सबै दलका प्रतिनिधिहरूले अधिकार भएका अन्य निकायहरूमा आँखा लगाउन थाले – जसमध्ये विद्यालय व्यवस्थापन समिति पनि एक हो । यस्तै अर्को उदाहरण समुदायिक वन उपोभोक्ता समितिहरूमा भएको राजनीतिक घुसपैठ हो (द राइजिङ नेपाल, एन.डी.) ।

विद्यालय व्यवस्थापन समितिमा अभिभावकले आफूलाई मतदान गरुन भन्ने सुनिश्(चत गर्नका लागि सम्भावित उम्मेद्वारहरूले धेरै मात्रामा पैसा तथा समय खर्चछन् भन्ने

कुरा स्थानीयसँग गरिएको अन्तर्वार्ताबाट खुलेको छ । यस भन्दा अघि देखिए झैँ, वि.व्य.स.लाई विद्यालयको स्रोत उपर धेरै शक्ति/अधिकार दिइएको छ जसमा मानवीय तथा आर्थिक स्रोतहरू पनि पर्दछन् । विशेषगरी, यस समितिलाई शिक्षक नियुक्ति गर्ने अधिकार छ (यस अविलम्ब आवश्यक परेमा) । नेपालका सार्वजनिक विद्यालयहरू उपर भएका धेरै दस्तावेजहरूले समुदायिक विद्यालयहरूमा शिक्षकहरूको राजनीतिक नियुक्तिको चर्चा गरेका छन् । वि.व्य.स. उपरको द राइजिङ नेपालको (एन.डी.) एक प्रतिवेदनले उल्लेख गरेको छ:

> शिक्षकहरूको भर्ति, पदोन्नति तथा निष्काशनमा वि.व्य.स.ले उल्लेखनीय मात्रामा शक्तिको अभ्यास गर्न पाउँछ । यसका साथै, वि.व्य.स.हरू आफू अनुकूल राजनीतिक आबद्धता हुने शिक्षकहरूको नियुक्तिका लागि महत्वपूर्ण भूमिकामा रहन्छन् । भौतिक तथा स्थानीय राजनीतिक उत्प्रेरणा केही मुख्य कारणहरू हुन, जसको कारण वि.व्य.स.का निर्वाचनहरू भिषण प्रकृतिमा लड्ने गरिन्छ ।

अझ ग्रामीण क्षेत्रमा हुने वि.व्य.स.का निर्वाचनसम्बन्धी समाचारहरू सामान्य भन्दा धेरै पर छन् । एक समाचारको अंशकोअनुसार, विभिन्न राजनीतिक दलसँग आबद्ध सम्भावित उम्मेद्वारहरूले यी पदहरूका लागि व्यक्तिगत आर्थिक स्रोतहरू समेत खर्च गरेर प्रतिस्पर्धा गरेका थिए (रिपब्लिका दैनिक, सेप्टेम्बर, २०१६) ।

ख. कृपावादबाट हुने नियुक्ति तथा शिक्षकहरूमा उत्तरदायित्वको कमी

शिक्षक भर्ति गर्न सक्ने अधिकार भएको वि.व्य.स.मा हुने अत्याधिक राजनीतिक घुसपैठले कृपावादमा आधारित धेरै नियुक्तिहरूलाई निम्त्याउछ । शिक्षकहरूलाई के थाहा छ भन्ने आधार भन्दा पनि शिक्षकहरूले कसलाई चिन्दछन् भन्ने आधारमा उनीहरूको नियुक्ति हुन्छ ।

सन् २०१३मा ट्रान्सपरेन्सी इन्टनेश्नलले शिक्षाको क्षेत्रमा गरेको एक अध्ययनमा नेपालको शिक्षा प्रणालीमा रहेको भ्रष्टाचार तथा कृपावादलाई बुझ्नका लागि एक छोटो छलफल गरिएको छ । उक्त छलफलमा आवश्यकता महसुस भएपछि, प्रायः शैक्षिक सत्र शुरु हुनु भन्दा पूर्व नियुक्तिको तुरुन्तै हुने आवश्यकतालाई हवाला दिदै, वि.व्य.स.ले कसरी 'राहत दरबन्दीमा' शिक्षकहरूको नियुक्ति गर्छ भनेर उल्लेख भएको छ:

नेपालमा, शिक्षकहरूको छनौटका लागि शिक्षक सेवा आयोग जिम्मेवार रहेको छ । यद्यपि, अभ्यासमा भने वि.व्य.स.ले स्थानीय विद्यालयहरूमा शिक्षकहरूको नियुक्ति गर्ने अधिकारको अभ्यास गर्दछ । यस्तो अवस्था विशेषगरी निर्धारित (संख्याको) सीी(मतताको अभावमा अथवा अस्थायी व्यवस्थापन गर्नु परेमा गरिन्छ । अस्थायी व्य(वस्था स्थायी नियुक्ति नहुँदा सम्म प्रायः गरेर स्थानीय वि.व्य.स.ले प्रयोग गर्न सक्ने सहुलियत कोटा अर्थात राहत दरबन्दी मार्फत सम्बन्धित जिल्ला शिक्षा कार्यालयको स्वीकृतिमा गर्ने गरिन्छ । सहुलियत कोटा अन्तर्गत, शिक्षकहरूलाई स्थानीय वि.व्य.स.ले नियुक्ति गर्छ; उक्त समितिमा सामान्यतः अभिभावकहरूको प्रतिनिधि, गाविसको वडाध्यक्ष, स्थानीय बुद्धिजीवी तथा शिक्षाविद, विद्यालयको संस्थापक, दाताको प्रतिनिधि, विद्यालयको एक शिक्षक तथा प्रधानाध्यापक हुने गर्दछन् ।

यस्ता समितिले लिने उच्च तहका निर्णयहरूलाई स्थानीय जिल्ला शिक्षा कार्यालयले सुपरिवेक्षण गर्नु पर्ने भएता पनि जिल्ला शिक्षा कार्यालयको तठस्थताले केही व्यक्तिको स्वार्थका लागि वि.व्य.स.हरूमा एकाधिकारलाई निम्त्याउछ । यसले प्रायः गरेर विद्यालयका प्रधानाध्यापकले समितिका अन्य सदस्य उपर अनावश्यक प्रभाव जमाउने स्थितिलाई निम्त्याउछ । यसो हुनुमा, शिक्षक नियुक्तिको मामिलामा विद्य(ालयको प्रधानाध्यापकसँग बढी अधिकार हुन्छ भन्ने अनुमान हो । यसले, नियुक्त भएका शिक्षकहरूले योग्यताका मापदण्डहरू पूरा नगर्ने अवस्थालाई निम्त्याउछ, र नियुक्तिका मापदण्डहरूलाई कुनै जाँच पड्ताल नगरिकनै प्रक्रियालाई मान्यता दिन गरिन्छ ।

स्रोतः ग्लोबल करप्सन रिपोर्टः एजुकेशन, ट्रान्सपरेन्सी इन्टनेश्नल– २०१३

यसरी कृपावादको आधारमा नियुक्त भएका शिक्षकहरू राम्रा शिक्षक हुन्छन् भन्ने कुराको प्रत्याभूति न्यून हुन्छ । समुदायिक विद्यालयहरूको घटेको कार्यप्रदर्शनको एक सम्भावित कारण यो पनि हो – किनकि यस्ता धेरै पदहरूमा नियुक्ति राजनीतिक आवद्धताका आधारमा हुन्छ ।

ग. पुरानो पाठ्यक्रम

कुराकानी गरिएका शिक्षकहरूले राखेको एक प्रमुख गुनासो पुरानो विषयवस्तु तथा पाठ्क्रमप्रति लक्षित रहेको थियो । उनीहरूले उल्लेख गरेका पाठ्यक्रमहरू ऐनमा तोकिएको समय भन्दा बढी समय हुँदा पनि अद्यावधिक गरिएका छैनन् (विषयवस्तु प्रत्येक पाँच वर्षमा परिमार्जन गरिनु पर्दछ भने प्रत्येक १० वर्षमा पूरै पाठ्यक्रम नै परिमार्जन गरिनु पर्दछ, शिक्षा ऐन, २००२) । शिक्षकहरूले उल्लेख गरेको सबैभन्दा ठूलो समस्या विषयवस्तुमा योग्य सामग्रीको अभाव, शिक्षणमा प्रविधिको सहयोगमा विकास भएका पद्धतिको अनुपस्थिति, र विषयवस्तु आफैँ हो । एक स्थानीय अङ्ग्रेजी शिक्षकका अनुसार, विशेषगरी, अङ्ग्रेजी विषयका पाठहरूमा केही 'एकदमै सरल' र केही 'एकदमै गाह्रो' रहेको देखिन्छ । पाठ्यपुस्तको गुणस्तर पनि निरुत्साहित हुने प्रकारको छः पुस्तकहरूमा धेरै हिज्जेसम्बद्ध गल्तीहरू रहेका छन् भने निजी विद्यालयहरूले प्रदान गर्ने पुस्तकहरूको तुलनामा पुस्तकहरूमा प्रयोग भएका कागजको गुणस्तरहिन रहेको गुनासो थियो ।

विषयवस्तुसँग सम्बन्धित सामग्रीहरूमा एक प्रमुख समस्या सम्पादनमा रहेकमो पाइयो वा सोको कमी पाइयो (नेपाली टाइम्स्, २०००) । पाठ्यपुस्तकमा दिइएका सामग्रीहरूमा शिक्षकहरूले प्रायः आवश्यक सुधारहरू गर्नु पर्दछ । थोरै वा विल्कुलै सम्पादन नगरिकनै पाठ्यपुस्तकहरू ठूलो परिमाणमा उत्पादन हुने देखिन्छ ।

Virility

The feeling of proudness on having children is called virility. Many people show their society being successful in life by giving birth to a child. Sterile people are hated by society. Such couples are always dominated by the couples or persons who have child or children. A parent having children feels proud which leads to numerous children.

Flourishing family's prestige

Family void of son is trivial. The concept of male birth in a family is an orthodox view of traditional people. They are running after such belief so does not accept the existence of that family which lacks son. Due to son preference, many couples wait for son though they have already a half dozen of daughters. Son is supposed to flourish the family's prestige.

स्रोतः मनी, २०००

घ. सक्रिय अनुगमन तथा मूल्याङ्कनको कमी

हामीले इलामको जिल्ला शिक्षा अधिकारीलाई भेट्दा विद्यालयको निरिक्षा प्रत्येक महिना महिनामा हुने कुरा बताए। विद्यालय निरिक्षक – जसलाई अझ औपचारिक भाषामा विद्यालय सुपरिवेक्षक पनि भनेर चिनिन्छ – समुदायिक विद्यालयहरूको अनुगमनका लागि आवश्यक कामका लागि जिम्मेवार हुन्छन् । शिक्षा नियमावली, २०५९ले विद्यालय निरिक्षकहरूको काम तथा कर्तव्यलाई स्पष्ट रुपमा उल्लेख गरेको छ, जसमा निम्न कुराहरू पनि समावेश छन्:

क. विद्यालयलाई कम्तीमा महिनाको एक पटक सुपरिवेक्ष गर्ने/गराउने र सुपरिवेक्षण तथा अनुगमनको विषयमा प्रधानाध्यापक तथा वि.व्य.स.सँग छलफल गर्ने,

ख. ऐनअनुसार विद्यालय निरन्तर सञ्चालन भएको छ वा छैन र विद्यालयसँग पर्याप्त भौतिक सुविधा, स्रोत तथा शिक्षण छ वा छैन भनेर विद्यालयका प्रधानाध्यापक, अभिभावक, शिक्षक-अभिभावक संघ र शिक्षकहरूसँग छलफल गर्ने,

ग. प्रत्येक महिना विद्यालय सुपरिवेक्षणको प्रतिवेदन गाविस/नगरपालिका तथा जिल्ला शिक्षा अधिकारी समक्ष पेश गर्ने

इलाम जिल्लाका लागि पाँचजना विद्यालय निरिक्षकहरू रहेका छन् (नाम, व्यक्तिगत कुराकानी, पूरा मिति) । ४२६ वटा सामुदायिक विद्यालय भएको जिल्लाका लागि यो संख्या खतरनाक ढंगले न्यून हो। श्री नामसालिङ्ग उ.मा.विका उप प्रधानाध्यापक तथा अन्य केही पुराना शिक्षकहरूले जनाएअनुसार, उक्त विद्यालयलाई वि.नि.ले विगत १० वर्ष भन्दा बढी समय यता भ्रमण गरेको छैन।

यसका अलावा, माथि छलफल गरिएझैँ, सामाजिक परीक्षण अनुगमनको एक प्रमुख साधन हो । दुर्भाग्यवश, यस साधनको बारेमा अभिभावकसँग भएको न्यून (वा शून्य) ज्ञानको कारण यो साधन कि त प्रयोग नै हुदैन अथवा फितलो रुपमा कार्यान्वयन हुन्छ। यहाँनेर के उल्लेख गर्न महत्वपूर्ण हुन्छ भने, नजिकैको सामुदायिक विद्यालय आफ्ना छोरा-छोरीलाई पढ्न पठाउने धैरै अभिभावकहरू दैनिक ज्यालादारी काममा संलग्न हुन्छन्। यसले गर्दा उनीहरूलाई यी परामर्श तथा छलफलहरूमा उपस्थित हुने समय मिलाउन

विद्यालयले उनीहरूलाई जानकारी दिने प्रयास गर्दा पनि असक्षम हुन्छन् । यी अभिभावकहरूलाई यस्ता मञ्चहरूमा उपस्थित गराउनका लागि नविनतम उपायहरू प्रमुख उपाय हुन सक्छन, जसका बारेमा आगामी खण्डहरूमा छलफल गरिएको छ ।

यी परीक्षणहरूको आधारमा, पहिचान भएका सबै समस्याहरू एक-आपसमा अन्तरसम्बन्धित रहेका छन् । यदि, हामीले राजनीतिक घुसपैठको समस्याबाट शुरु गर्‍यौ भने, यो समस्या कमजोर व्यवस्थापन तथा अलोकतान्त्रिक समिति तर्फ बाँडिएर अघि बढ्छ । तत्पश्चात, यी अलोकतान्त्रिक समितिहरूले दलगत सम्बद्धता/पारिवारिक सम्पर्कका आधारमा धेरै शिक्षकहरूको नियुक्ति गर्दछन् ।

यी मुद्दाका अतिरिक्त, झोले विद्यालयहरूको समस्या पनि समय समयमा उठ्ने गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपालले सन् २०१५मा प्रकाशन गरेको एक प्रतिवेदनले झोले विद्यालयहरूलाई देशको शिक्षा क्षेत्रमा हुने भ्रष्टाचारको एक परिघटनाको रुपमा सूचीकृत गरेको छः

> नियम विपरित शिक्षकहरूको नियुक्ति भएका घटनाहरू छन् र शिक्षकको तलब र भत्ता, प्रशासनिक खर्च, विद्यार्थीको लागि छात्रवृत्ति र भौतिक निर्माणका कार्यहरूका लागि सरकारबाट वार्षिक रुपमा प्राप्त हुने अनुदानलाई पचाउनका लागि झोले विद्यालयहरूको स्थापना भएका छन् । यस्ता झोले विद्यालयको सञ्चालनमा जिल्ला शिक्षा अधिकारी, विद्यालय सुपरिवेक्षक, स्रोत व्यक्ति, प्रधानाध्यापकका साथै वि.व्य.स.का अध्यक्षहरूको सहभागिता रहेको पाइएको छ ।
>
> *(अ.अ.दु.आ., २०१५)*

सफल रुपमा स्थापित नभएको अनुमगन यस्ता अवस्थाहरू थप फैलनुको कारण बन्छ । यसका कारणहरूमा एक स्वतन्त्ररुपमा अधिकार प्राप्त परीक्षकहरूको नेतृत्वमा रहेको सुदृढ शिक्षा परीक्षण संयन्त्रको अनुपस्थिति हो भनेर पहिचान गरिएको छ (आचार्य, २०११) ।

अध्याय ४

शिक्षा क्षेत्रमा सम्भावना खोज्दा - चार्टर विद्यालयहरू

सामुदायिक विद्यालयहरूको कमजोर प्रदर्शन भइरहेको अवस्थामा, हामीले विश्वव्यापी शिक्षासम्बन्धी नवीनतम अभ्यासहरू प्रयोग गरेर यी सार्वजनिक विद्यालयहरू पुनर्संरचना गर्न सकिन्छ कि भनेर पहिचान गर्न खोजेका छौं । सार्वजनिक विद्यालयहरूका धेरै जसो समस्याहरू व्यवस्थापन समितिहरू प्रभावकारी नहुनुले सिर्जना भएका देखिन्छन् र यी समितिहरू प्रायः अलोकतान्त्रिक तवरले निर्वाचित भएका देखिन्छन् । सामुदायिक विद्यालयहरूको निरन्तर असफलताका पछाडि अन्य कारणहरू पनि रहेका छन् जस्तै पाठ्यपुस्तक र पाठ्यक्रम तर्जुमा गर्दा स्थानीय तहसँगको अन्तरक्रियाको अभाव वा सार्वजनिक विद्यालयहरूलाई पूरक सामग्री प्रयोग गर्न वा परिष्कृत शिक्षण अभ्यासहरूमा लगानी गर्नबाट पनि अभाव हुनु । त्यसैगरी अन्य चुनौतीहरूमा प्रभावकरी अनुगमन प्रणालीहरूको कार्यान्वयन नहुनु र शिक्षकहरूको गैरजिम्मेवारी जस्ता कुराहरू पर्दछन् ।

शिक्षाको सुधारका लागि थप राम्रा रणनीति तर्जुमा गर्ने उद्देश्यका थुप्रै अनुसन्धानहरू भएका छन् तर नेपालको सन्दर्भमा एउटा खासै अनुसन्धान नभएको क्षेत्र भनेको निजी पक्ष र सार्वजनिक विद्यालयहरूबीचको व्यवस्थापन साझेदारीको सम्भाव्यताको अध्ययन हो । नेपालमा निजी विद्यालयको व्यवस्थापन ढाँचालाई राम्रो मानिन्छ किनकी निजी विद्यालयहरू राजनीतिक क्रियाकलाप जन्माउने सक्रिय थलो बनेका छैनन् । निजी विद्यालयहरू नाफामुखी हुन्छन् र तिनका व्यवस्थापकहरु शिक्षकहरूको दैनिक व्यवस्थापनमा र अन्य निरीक्षणमूलक क्रियाकलापहरूमा गम्भीरतापूर्वक संलग्न भएको पाइन्छ । निजी विद्यालयहरूमा जिम्मेवारी वहन पनि राम्रोसँग भएको पाइन्छ किनकी त्यहाँ शैक्षिक सेवाको लागि पैसाको आदानप्रदान हुने गर्दछ । शिक्षकहरू करारमा भएका कर्मचरी भएकाले दीर्घकालीन रोजगारी सुरक्षाको भावना खासै हुँदैन । निजी विद्यालयहरूलाई नाफामुखी र आफ्नो सेवा खरिद गर्नसक्ने मानिसहरू प्रति मात्र लक्षित हुन्छन भन्ने आमधारणा रहेको भएता पनि नेपालमा पर्याप्त मात्रामा सस्ता निजी विद्यालयहरू पनि फैलिरहेको पाइन्छ (समृद्धि फाउण्डेशन, २०१५) । नेपालका निजी विद्यालयहरू गुणी मात्र भने छैनन् र बेलाबेलामा जनताको आलोचना निम्ताएका छन् । जस्तै, एक देखि अर्को वर्षमा जाँदा शुल्क हुने अप्रत्याशित वृद्धिलाई लिएर यी विद्यालयहरू निकै आलोचित भएका छन् (झा, २००३ । सन् २०१२ मा, सर्वोच्च अदालतले निजी विद्यालयलाई तीन वर्षसम्मको लागि शुल्क नबढाउनु भनेर आदेश जारी गरेको थियो (बुढाथोकी, २०१६) । विद्यालयको शुल्कमा अप्रत्याशित वृद्धिले अभिभावकहरूलाई समस्या पार्दछ (उनीहरू विद्यालय परिवर्तन गर्नुभन्दा

धेरै शुल्क नै तिर्नुपर्ने अवस्थामा आफूलाई पाउछन किनकी विद्यालय परिवर्तन गर्ने काम झन खर्चिलो हुन्छ) तर निजी विद्यालयहरूलाई आफ्नो शुल्क परिवर्तन गर्नबाट भने सधैं रोक्न सकिदैंन। मुद्रास्फिरतिसँगै विद्यालयको खर्च पनि बढ्नु स्वाभाविक हो। यद्यपि, कतिले बढ्ने हो भनेर पूर्वानुमान गर्न सक्ने बनाउँदा राम्रो हुन्छ।

सार्वजनिक विद्यालयहरूको प्रभावहीनताको समस्यालाई सम्बोधन गर्न र थप र म्रा सार्वजनिक विद्यालयहरूको सिर्जना गर्नका लागि विश्वभरी विभिन्न नवीनताहरू भएका छन्। यीनै नवीनताहरू मध्येको एक सहकार्यमूलक व्यवस्थापन प्रणाली हो जसमा विद्यालयहरू सार्वजनिक रूपमा वित्तपोषित र निजी रूपमा व्यवस्थित हुने गर्दछन्। यस ढाँचालाई **चार्टर विद्यालय**को रूपमा पनि चिनिन्छ।

चार्टर विद्यालय

चार्टर विद्यालय एउटा यस्तो सार्वजनिक विद्यालय हो जुन अधिकांश राष्ट्रिय र स्थानीय नियमनहरूबाट मुक्त हुन्छ र 'नतिजा' को लागि आफूलाई प्रायोजन गर्ने सार्वजनिक निकाय (प्रायः जसो राष्ट्रिय वा स्थानीय विद्यालय परिषद) प्रति जवाफदेही हुन्छ। कर्मचारी र विद्यार्थीहरू नियुक्त नभएर भर्ती गरिन्छ -फिन आदि, २००८)। 'झण्डै कुनै पनि व्यक्ति' ले चार्टर विद्यालय प्रारम्भ र सञ्चालन गर्न सक्छ, अभिभावक वा शिक्षक समूह देखि लिएर सामुदायिक संस्थाहरूसम्म (फिन आदि, २००८)। एउटा चार्टर साधारणतया पाँच वर्षको लागि कायम हुन्छ (फिन आदि, २००८)। यदि लक्ष्य प्राप्त नभएमा यसको नवीकरण नहुन सक्छ र कुनै कानुनी वा नियामक प्रावधान उल्लंघन भएमा खारेज गर्न पनि सकिन्छ। यी विद्यालयहरूको मुख्य विशेषता 'चार्टर' हो जुन सार्वजनिक विद्यालयको रेखदेखका लागि जिम्मेवार राज्य/राज्यको अंग र इच्छुक पक्षबीचको एउटा कानुनी दस्तावेज हो (हक्स्बी, २००५)।

तसर्थ कुनै पनि चार्टर विद्यालय माथि व्याख्या गरिएको तरिकामा सञ्चालन हुन्छ। तिनका दुईटा पक्षहरू निजी विद्यालयसँग मिल्दो हुन्छन - स्वतन्त्रता र छनौट। फिन आदि (२००८) ले व्याख्या गरेझैं, स्वतन्त्रता भन्नाले यी विद्यालयहरूको स्वायत्त शासनलाई बुझिन्छ। आफ्नो 'पाठ्यक्रम, शिक्षण, कर्मचारी भर्ती, बजेट, आन्तरिक संगठन, पात्रो, तालिका, र अन्य थुप्रै कुरामा' उनीहरू कै नियन्त्रण हुन्छ। त्यसैगरी यी विद्यालयहरूमा अनिवार्य भर्ना गर्नुपर्ने प्रावधान हुँदैन्।

अमेरिकी विद्यालय क्षेत्रहरू जस्तो नेपालमा कुनै बालक वा बालिका बस्ने स्थान कै विद्यालयमा अनिवार्य रूपमा भर्ना हुनुपर्ने बाध्यकारी प्रावधान छैन् । तर ग्रामीण नेपालमा अत्यन्त कम निजी तथा अन्य विद्यालयहरू हुने भएकाले व्यवहारमा विद्यालय छनौट प्रायः जसो सरकारी संस्थामा नै सिमित हुन्छ ।

यी विद्यालयहरूले प्रति बच्चाको आधारमा रकम प्राप्त गर्दछन् (हक्स्बी, २००५) । निजी विद्यालयको जस्तो भर्ना परीक्षा यिनीहरूमा हुँदैन र भर्नाको लागि आएको कुनै पनि बच्चालाई स्वीकार्नु पर्दछ । यद्यपि, यी विद्यालयहरू शिक्षक प्रमाणीकरणलाई लिएर चाहिँ सार्वजनिक विद्यालयहरू जत्तिको कडा हुँदैनन् (हक्स्बी, २००५) । चार्टर विद्यालयहरू साधारतया गैरनाफामूलक प्रकृतिका हुन्छन् , र व्यवस्थापन चार्टरवाला पक्ष आफैंले वा अन्य कुनै विद्यालय व्यवस्थापन संगठनमार्फत गर्न सक्छन् (हक्स्बी, २००५) । विद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि लिइने चार्टर साधारणतया पाँच वर्ष अवधिका हुन्छन् तर १५ वर्षसम्मका पनि हुने गरेका छन् (फिन आदि, २००८) ।

यो शब्दावली सबैभन्दा पहिले अल्बर्ट शंकर नामका व्यक्तिले प्रयोग गर्नुभएको हो जो लामो समयसम्म अमेरिकी शिक्षक महासंघको अध्यक्ष हुनुहुन्थ्यो । उहाँले नयाँ तरिकाको विद्यालयको परिकल्पना गर्नुभयो जहाँ शिक्षकहरूलाई 'चार्टर'मा हस्ताक्षर गरेर विद्यालय सञ्चालन गर्न दिइन्छ । यो विचार लोकप्रिय हुँदै गयो र सन् १९८९ मा रे बड्डेले "एजुकेशन बाइ चार्टर" नामक लेखमा यस अवधारणाको बारेमा लेख्नुभयो (फिन आदि, २००८) । चार्टर अभियान महत्वपूर्ण सावित हुनगयो किनकी यसले सार्वजनिक विद्यालयको परिभाषालाई लचिलो बनायो । राज्यले वित्तपोषित गरेका विद्यालयहरू तर राज्यले नै व्यवस्थापन गर्नुपर्ने भन्ने नभएको । यसमा महत्वपूर्ण कुरा के थियो भने प्रशासन चाहिँ पारदर्शी र जवाफदेही हुन आवश्यक थियो । यसको अतिरिक्त, फिन आदि (२००८) ले भनेअनुसार, 'सबैभन्दा महत्वपूर्ण कुरा विद्यालयसँग कति स्रोतसाधन छ वा कत्तिको नियम मान्दछ भन्दा पनि कत्तिको नतिजा ल्याउँछ भन्ने थियो' ।



चित्र ४: चार्टर विद्यालयको अवधारणा र वाञ्छित परिणाम

स्रोतः अ डेकेड अफ चार्टर स्कूल्स, बल्कि एण्ड फिसर, २००३

चार्टर विद्यालय अभियानका समर्थकहरूले यस अवधारणा अनुशरण गर्नको लागि दुईटा मुख्य कारण बताउँछन् (हक्स्बी, २००५) । पहिलो कारण ति विद्यालयलाई प्रदान गरिने लचकता जसले गर्दा उनीहरू विद्यार्थीको आवश्कता परिपूर्ति गर्नसक्ने गरी थप सबल हुन्छन् (हक्स्बी, २००५) । दोस्रो कारण भनेको चार्टर विद्यालयहरू सञ्चालन हुनका लागि विद्यार्थी भर्नादरमा भर पर्नुपर्ने भएकोले उनीहरू स्वतः विद्यार्थीमुखी हुन्छन किनकी उनीहरूले पाउने रकमको मात्रा विद्यार्थीको संख्यासँग जोडिएको छ (हक्स्बी, २००५) ।

चार्टर विद्यालयको अवधारणा अंगीकार गर्नाले विद्यार्थीको उपलब्धिमा भएको नतिजा भने मिश्रित पाइएको छ विशेषगरी यी विद्यालयहरू विविध प्रकृतिका हुने हुनाले (हक्स्बी, २००५) । यसले गर्दा तुलना गर्न गाह्रो छ । तर यस अभियान प्रतिको बढ्दो समर्थन र यसलाई विभिन्न स्थान अनुसार त्यसै अनुकुल बनाउन मिल्ने भएकोले यो नेपालको लागि एउटा विकल्प हुनसक्छ ।

सामुदायिक विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन

हालसम्म हामीले देशमा भएका सार्वजनिक विद्यालयहरूको अवस्था मूल्याङ्कन गऱ्यौ र सम्भाव्य विकल्पहरूलाई पनि हेऱ्यौं । यस खण्डले चार्टर र निजी विद्यालयहरूका केही तत्वहरूको उपयोग गरेर कसरी नेपालका सार्वजनिक विद्यालयहरूको कमजोरीलाई सम्बोधन गर्न सकिन्छ भनेर मूल्याङ्कन गर्नेछ ।

यहा हामी सार्वजनिक विद्यालयको सञ्चालनका विभिन्न पक्षहरूलाई (व्यवस्थापन र प्रशासनको दृष्टिकोणले) हेर्नेछौं र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नको लागि तिनलाई कसरी सुधार्न सकिन्छ भन्ने परिकल्पना पनि गर्दछौं ।

क. सञ्चालनको ढाँचा - वित्तीयकरण

चार्टर वा सहकार्यमूलक विद्यालयहरूले विद्यालय अधिकारीहरू (स्थानीय राज्य शिक्षा कार्यालय वा चार्टरमा उल्लेखित कार्यालयहरू) बाट एकमुष्ट रकम पाउँछन् । अकोतर्फ नेपालका सार्वजनिक विद्यालयहरूले भने जिल्ला शिक्षा कार्यालयबाट त्रैमासिक रूपमा रकम प्राप्त गर्दछन्[११] । चार्टर विद्यालयको वित्तीयकरणको मोडेल नेपालको हालको सार्वजनिक विद्यालयहरूको वित्तीयकरणको मोडेलभन्दा केही फरक छ ।आस्चर (२००४) ले चार्टर विद्यालयहरूको वित्तीयकरणको मोडेल सार्वजनिक र निजी अनुदानको मिश्रणमा भर पर्ने बताएका छन् । चार्टर विद्यालयहरूले राज्य र/वा स्थानीय जिल्लाबाट प्रति विद्यार्थीको आधारमा अनुदान प्राप्त गर्दछन् । यद्यपि, परम्परागत अमेरिकी सार्वजनिक विद्यालयहरूको तुलनामा यी विद्यालयहरूले प्रति विद्यार्थी अनुदानको ७५ प्रतिशतसम्मको कम रकम पाउने गर्छन । तसर्थ तिनीहरू निजी अनुदान र परोपकारी संस्थाहरूबाट आउने चन्दामा भर पर्ने गर्दछन् (आस्चर, २००४) ।

चार्टर विद्यालयहरूले पूर्वाधार तथा अन्य विकासका लागि ऋण (जस्तै बन्धक ऋण) लिन सक्छन् तर उक्त ऋणको मोडेल नेपालमा सजिलै लागु नहुन सक्छ । चार्टर विद्या(लयको ऋण सरकारले प्रतिवद्धता जनाएको प्रति विद्यार्थी रकममा र यी विद्यालयले सम्भार का लागि निश्चित चार्टर विधानअनुसार पाउने सुविधा भत्तामा भर पर्दछ । संयुक्त राज्य अमेरिकामा, यस्तो ऋण दिनेमा जमिन्दार, वाणिज्य बैंक, र गैरनाफामुखी चार्टर विद्यालय निर्माताहरू पर्दछन् (कीनी, २०११) ।

११ विद्यालयहरूले इच्छुक पक्षहरूबाट जिन्सी दान पनि लिन सक्छन् ।

चार्टर विद्यालयको मोडेल शिक्षाको नीतिमा हालसम्म नभएको हुनाले नेपालमा बैंक तथा अन्य संस्थाहरूलाई यस्तो परीक्षणको लागि ऋण दिनको लागि मनाउन गाह्रो हुनसक्छ । तसर्थ, प्रारम्भिक परीक्षणको लागि सार्वजनिक कोषको उपयोग नै सबैभन्दा उपयुक्त संयन्त्र हुनसक्छ ।

नेपाली सार्वजनिक विद्यालयहरूले तालिका दुईमा उल्लेख गरिएका शीर्षकहरूमा र कम प्राप्त गर्दछन् । यसको अतिरिक्त, सार्वजनिक विद्यालयहरूले विद्यालय अधिकारीहरूबाट पूर्वाधारको स्तरोन्नतिका लागि थप भत्ता पनि पाउँछन् । यसले विद्यालयहरूले के कुरामा खर्च गर्न पाउने वा नपाउने भन्ने कुरामा उनीहरूको स्वायत्ततालाई कमजोर बनाएको छ । तालिका २ बाट देख्न सकिन्छ कि अधिकांश रकम पुनरावर्ती खर्चमा जान्छ - मुख्यगरी तलबमा । श्री नाम्सालिङ उच्च माध्यमिक विद्यालयले वि.सं. २०७१-७२ मा मात्रै आफ्नो कुल अनुदानको ८९% तलबमा (१३% प्राथमिक तहको तलबमा, ४% प्राथमिक तहको राहत तलबमा, ५९% माध्यमिक/निम्न माध्यमिक तहको तलबमा र १३% उच्च माध्यमिक तहको तलबमा) खर्चेको छ । यसले गर्दा, शिक्षण प्रक्रियामा प्राविधिक उपकरणको उपयोग वा पुस्तकाय विस्तार जस्ता सामान्य कुराहरूको लागि र अन्य शैक्षिक खर्चको लागि थोरै मात्र रकम बाँकी रहन्छ । यद्यपि, यदि जवाफदेहीताका नीतिहरू र तिनको कार्यान्वयन संयन्त्र बलिया छैनन् भने विद्यालयमा लचकता दिँदा वित्तीय दुरूपयोग हुने अवस्था रहन्छ । तसर्थ, स्वायत्त प्रणालीहरूमा जवाफदेहीताका कुराहरू राख्न जरुरी हुन्छ । यस्ता कुरामा राज्यका प्रतिनिधि वा स्वतन्त्ररूपमा नियुक्त गरिएका अभ्यासकर्ताहरूद्वारा गरिने नियमित अनुगमन तथा मूल्याङ्कन एउटा संयन्त्र हुनसक्दछ ।

यसको अतिरिक्त, हाल नेपालमा संघीयता लागु भइरहेकोले हामीले संघीय शासन प्रणालीमा शिक्षाको कसरी पुनःसंरचना हुन्छ भन्नेमा पनि ध्यान दिन जरुरी छ । विश्वभरी संघीयताका प्रचलित अभ्यासहरूलाई हेर्ने हो भने वित्तपोषणको शक्ति तीन पक्षबीच विभाजन गरिएको देखिन्छ : संघीय सरकार, राज्य सरकार, र स्थानीय सरकार[१२] ।

तसर्थ, प्रति विद्यार्थी गणनामा आधारित चार्टर विद्यालय वित्तपोषणको मोडेल तर्जुमा गर्न सकिन्छ । उक्त विद्यालयले भौगोलिक जीवनयापन लागत सूचक (कष्ट अफ लिभिङ इन्डेक्स) मा आधारित भएर लागतको पहिचान गर्न सक्छ र उक्त सन्दर्भमा मेल हुनेगरीको सुत्र तर्जुमा गर्न सक्छ । यस लागत प्रणालीलाई तल थप विवरणमा व्याख्या गरिनेछ ।

१२ आगमी खण्डहरूमा यस शोधपत्रमा चार्टर विद्यालयको वित्तपोषण प्रणालीको लागि अमेरिकी प्रणालीलाई नमुनाको रूपमा लिइएको छ ।



चित्र ५: संयुक्त राज्य अमेरिकामा सार्वजनिक विद्यालयहरूले प्राप्त गरेको रकमको विनियोजन
स्रोतः एजुकेशन इन दि यूनाइटेड स्टेट्स : अ ब्रिफ ओभरभ्यू, यूएस डिपार्टमेन्ट अफ एजुकेशन, २००५

नेपालमा यो कसरी लागु गर्न सकिन्छ भनेर परिकल्पना गर्नु महत्वपूर्ण हुन्छ। नेपालको संविधान २०७२ मा संघीय नेपालमा शिक्षाको कस्तो स्वरूप हुन्छ भन्नेमा स्पष्ट व्यवस्था छैन। आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने र माध्यमिक शिक्षालाई पनि निःशुल्क बनाउन प्रयास जारी रहने कुरा भने उल्लेख छ। अधिकारको सूची अन्तर्गत भने शिक्षाको सम्बन्धमा संघीय सरकारलाई स्पष्ट रूपमा कुनै अधिकार दिइएको छैन (नेपालको संविधान, २०७२)। प्रदेश सरकारको अधिकार क्षेत्रमा 'राज्यका विद्याविद्यालयहरू, उच्च शिक्षा, पुस्तकालयहरू, र संग्रहालय' राखिएको छ (नेपालको संविधान, २०७२) भने स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत 'आधारभूत र निःशुल्क शिक्षा' सम्बन्धित मामिलाहरू र ाखिएको छ (नेपालको संविधान, २०७२)। संघीय, प्रदेश, र स्थानीय तहको अधिकारहरूलाई जोडी हेर्ने हो भने उनीहरूको संयुक्त अधिकार 'शिक्षा, स्वास्थ्य, र पत्रपत्रिका' माथि रहनेछ (नेपालको संविधान, २०७२)।

शिक्षा ऐनको आठौं संशोधनले संघीय सरकारलाई शिक्षासम्बन्धी नीतिहरू तर्जुमा गर्नको लागि राष्ट्रिय शिक्षा परिषद स्थापना गरिने उल्लेख गरेको छ ।

उदखारणको लागि, यूएस डिपार्टमेन्ट अफ एजुकेशन (२००५) को अनुसार, संयुक्त राज्य अमेरिकामा राज्य सरकारहरू निम्न कुराका लागि जिम्मेवार छन् :

- पाठ्यक्रम निर्देशिका र कार्यसम्पादनको मापदण्डहरू निर्माण गर्न;
- विद्यालय जिल्ला र विद्यालयहरूलाई प्राविधिक सहायता प्रदान गर्न;
- निजी प्रारम्भिक र माध्यमिक विद्यालयहरूलाई आफ्नो क्षेत्राधिकार भित्र सञ्चालन गर्नका लागि अनुमति दिन;
- विद्यालय शिक्षकशिक्षिका र प्रशासकहरूलाई अनुमति दिन वा प्रमाणीकरण गर्न;
- राज्यव्यापी विद्यार्थी उपलब्धि परीक्षा सञ्चालन गर्न;
- जवाफदेहीताका योजनाहरू निर्माण गर्न र विद्यार्थीको कार्यसम्पादनको प्रतिवेदन यूएस डिपार्टमेन्ट अफ एजुकेशनलाई पेश गर्न;
- उच्च माध्यमिक विद्यालय उत्तीर्ण हुनको लागि न्यूनतम आवश्यकता तय गर्न;
- विद्यालय जिल्लाहरूलाई राज्यको र संघीय कोष वितरण गर्न; र
- प्रति वर्ष विद्यालय लाग्ने दिनको न्यूनतम संख्या तय गर्न ।

विद्यालय जिल्ला (स्थानीय शिक्षा निकाय रूपमा पनि परिचित[१३]) जस्ता स्थानीय निकायहरू भने निम्न कुराको लागि जिम्मेवार हुन्छन् :

- बजेट निर्धारण गर्न;
- व्यक्तिगत विद्यालय तथा कार्यक्रमको लागि रकम विनियोजन गर्न;
- शिक्षकशिक्षिका तथा अन्य कर्मचारी भर्ती गर्न;
- विद्यार्थीको कार्यसम्पादनको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गर्न र त्यसलाई प्रचार गर्न;
- शिक्षक र प्रशासकको तलब निर्धारण गर्न;
- पाठ्यक्रम लागु गर्न;
- शिक्षकशिक्षिकाहरूको सेवाअवधिको तालिमको योजना बनाउन र सञ्चालन गर्न;
- विद्यार्थीहरूलाई विद्यालयको गाडीमार्फत परिवहनको संयोजन गर्न;
- विद्यालय भवनहरूको निर्माण तथा मर्मतसम्भार गर्न; र
- उपकरण तथा सामग्रीहरू खरीद गर्न ।

---

१३ संयुक्त राज्य अमेरिकामा, राज्यस्तरका शिक्षा निकायलाई सिज SEAS - State Educational Agencies भनिन्छ। डिसीको प्रत्येक चार्टर विद्यालय आफैंलाई स्थानीय शिक्षा निकाय मानिन्छ।)

नयाँ सरकारहरूको संरचनाले गर्दा हामीले शक्तिको विभाजनलाई पनि हेर्न जरुरी हुन्छ । यस्तो विभाजनको परिणामस्वरूप शिक्षा मन्त्रालय सबै विद्यालयहरूको केन्द्रीय शक्ति बन्न सक्छ । शिक्षा मन्त्रालयको ध्यान कानून र नीतिहरू राम्रोसँग कार्यान्वयन भएका छन् कि छैनन् मूल्याङ्कन गर्ने र कुन नयाँ कानून तथा नीतिले सर्वसाधारणलाई फाइदा पुऱ्याउछन भनेर सुनिश्चित गर्नको लागि समयसमयमा जाँच गर्ने कुरामा हुनुपर्दछ।

हालको शिक्षाको बजेट मुख्यतः माथिबाट तल निर्देशित रहेको र राज्यको स्रोतहरू वास्तवमा कुनै व्यक्तिगत विद्यार्थीसम्म पुगेको छ कि छैन भन्ने कुरा बुझ्नमा खासै महत्व नदिइएको विज्ञहरू बताउँछन् । विद्यालयहरूलाई अनुदान दिँदा डिस्ट्रिक्ट अफ कोलम्बिया पब्लिक स्कूल (डिसिपिएस) ले प्रति विद्यार्थी समान रकमको सुत्र (यूनिफर्म पर स्टुडेन्ट फण्डिङ फर्मूला) प्रयोग गर्ने गरेको छ। यस शैलीलाई फोकस डिसी (२०१०)ले निम्नानुसार व्याख्या गरेको छ :

> डिस्ट्रिक्टका परम्परागत र चार्टर सार्वजनिक विद्यालयहरूको वार्षिक सञ्चालन खर्चको रकम निर्धारण गर्नको लागि प्रति विद्यार्थी समान रकम प्रयोग गरिन्छ । यसले सार्वजनिक चार्टर विद्यालयहरूको सुविधाको अनुदानको पनि नियन्त्रण गर्दछ।
> ...
> प्रति विद्यार्थी समान रकम अन्तर्गतको वित्तपोषणको प्रक्रिया स्पष्ट र गणितीय छ । सर्वप्रथम, डिसीको सार्वजनिक विद्यालयमा भर्ना भएका प्रत्येक जिल्लावासी विद्यार्थीलाई "आधारभूत स्तर" को रकम प्रदान गरिन्छ जुन आर्थिक वर्ष २०१० को लागि ८,९४५ डलर हुने प्रक्षेपण गरिएको थियो (आधारभूत स्तरलाई प्रत्येक वर्ष मुद्रास्फिरतिको आधारमा समायोजन गरिन्छ र विद्येयकको मार्फतबाट बढाउन वा घटाउन सकिन्छ)। उक्त आधारभूत स्तरमा निश्चित तहमा भएका विद्यार्थीहरूका लागि विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि अन्य विभिन्न अतिरिक्त र कमहरू जोडिन्छ जसलाई "वेइङ्गस" (Weightings) भनिन्छ ।
>
> यस सुत्र अन्तर्गत निकालिएको वित्तपोषण विद्यार्थीमा निर्भर गर्दछ । अर्थात, डिसिपिएस विद्यालयमा भर्ना हुने प्रत्येक विद्यार्थीका लागि डिसिपिएसले रकम प्राप्त गर्दछ । प्रत्येक सार्वजनिक चार्टर विद्यालयले उक्त विद्यालयमा भर्ना हुने प्रत्येक विद्यार्थीको लागि सुत्रमा आधारित रकम प्राप्त गर्दछ ।

आधार विद्यार्थीहरूको आधारभूत आवश्यकताहरू प्रयोग गरेर निर्धारण गरिन्छ जस्तै निश्चित समूहका शिक्षकहरू भर्ती गर्नको लागि औसत लागत, पूर्वाधारको भुक्तानी र अन्य शैक्षिक सामग्री ।

> "आधार' वा "आधारभूत स्तर" भन्नाले विद्यार्थीहरूलाई पर्याप्त नियमित शिक्षा सेवा प्रदान गर्नको लागि आवश्यक प्रति वेटेड विद्यार्थी रकम बुझिन्छ । नियमित शिक्षा सेवामा विशेष शिक्षा, अल्पमतको भाषा शिक्षा, समर स्कूल, पुँजीगत लागत, राज्यको शैक्षिक निकायका कामहरू वा संघीय र अन्य स्रोतहरूबाट उठाइएको राजस्वबाट वित्तपोषण गरिएका सेवाहरू ।
> (डिसी कोड ३८-२९०१-१२)

उदाहरणको लागि, शिक्षाको बजेट - नेपालले संघीयताको कार्यान्वयन गर्नासाथ स्थानीय, प्रादेशिक, र संघीय निकायहरूबाट आउनेछ । यसले गर्दा एकमुष्ट बजेट उठाउनुपर्ने हुन जान्छ। हाल, यो बजेट माथि देखि तलको अनुक्रममा वितरित भइरहेको छ जसमा कुनै सार्वजनिक विद्यालयलाई कति रकम विनियोजन गर्ने भन्ने कुरा त्यस विद्यालयमा रहेका शिक्षकशिक्षिकाहरूको संख्याले निर्धारण गर्दछ । यद्यपि, डिसिपिएसले अवलम्बन गरेको जस्तो तल देखि माथिको पद्धति अपनाएर हामीले बजेट विनियोजनको सन्दर्भमा विद्यालयहरूलाई शिक्षक केन्द्रित नभएर विद्यार्थी केन्द्रित बनाउन सक्छौं । डिसिपिएसले आगामी वर्षमा भर्ना हुने विद्यार्थीको संख्या निर्धारण गरेर यो काम गर्ने गरे को छ ।

आर्थिक वर्ष २०१५ को लागि, डिसी चार्टर विद्यालयहरूको हकमा शैक्षिक सेवाह(रूको आधारभूत स्तर प्रति विद्यार्थी ९,४९२ डलर रहेको छ। (डिसी कोड ३८-२९०१-१२)।

(मुन र स्टेवार्ट, २०१६) का अनुसार यो गणना गर्नको लागि निम्न कुराहरू हेरिन्छ :

१) भर्नाको चार वर्षे ऐतिहासिक प्रवृत्तिको विश्लेषण
२) जन्मदरको प्रवृतिमा आधारित रहेर बाल सदन (किन्डरगार्टेन) को संख्या समायोजन
३) विद्यालयमा आधारित भर्नादर बढ्ने वा घट्ने प्रवृत्तिको विश्लेषण तथा गणना
४) चार वर्षे प्रवृत्तिमा आधारित कुल योग संख्याहरूको विश्लेषण

यस्तै किसिमका उपायहरू प्रयोग गरेर प्रति विद्यार्थी खर्च निर्धारण गर्न सकिन्छ। शैक्षिक कोष विनियोजनको लागि प्रति विद्यार्थी खर्चको सुत्र एउटा महत्वपूर्ण परिवर्तन हुनेछ किनकी त्यसपश्चात कुनै विद्यालयले पाउने कोषको रकम उक्त विद्यालयले आकर्षित गर्न सक्ने विद्यार्थीको संख्यामा निर्भर गर्दछ । यसले विद्यालयलाई अरु विद्यालयहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने वातावरण बनाइदिन्छ ।

प्रति विद्यार्थी समान रकमको अर्को रोचक पक्ष भनेको यो वेटेड प्रणाली हो । प्रायः प्रति विद्यार्थी रकमको सुत्र सर्वप्रथम कुनै एक समूहका कक्षाहरूको लागि विकास गरिन्छ । उदाहरणको लागि, कक्षा ३ देखि ५ लाई लिउँ । त्यसपछि कुन कक्षाको लागि थप कोषको आवश्यकता पर्दछ जुन अधारभूत कोषको रकमले पुग्दैन् । उदाहरणको लागि, डिसिपिएसमा तल्लो तहको कक्षाहरूलाई बढी कोष दिइन्छ किनभने उक्त कक्षाहरूलाई खेलले भरिएको शिक्षण विधिको आवश्यकता पर्दछ । त्यसैगरी बालबालिकाको रेखदेखमा शिक्षकशिक्षिकालाई सहयोग गर्ने सहायकको लागि पनि कोषको आवश्यकता पर्दछ । यद्यपि, नेपालमा पूर्व प्राथमिक तहमा प्रति बच्चा वित्तपोषण केवल रु ३,६०० मात्र रहेको छ (यूनेस्को, २०१५) । त्यसैगरी, ५ कक्षा भन्दा माथिको कक्षाहरूको खर्च बढी हुन्छ किनभने उनीहरूलाई व्यवहारिक शिक्षा दिनुपर्ने हुन्छ (जस्तै विज्ञान/कम्प्यूटर प्रयोगशाला) । तसर्थ, यसैअनुसार माथिल्लो तहका कक्षाहरूको लागि प्रति विद्यार्थी खर्चलाई समायोजन गर्नुपर्दछ ।

कक्षाको तह	**वेटिङ**	**आर्थिक वर्ष २०१५ मा प्रति विद्यार्थी विनियोजन**
बालसदन अघि ३	१.३४	१२,७१९ डलर
बालसदन अघि ४	१.३०	१२,३४० डलर
बालसदन	१.३०	१२,३४० डलर
कक्षा १ देखि ५	१.००	९,४९२ डलर
कक्षा ६ देखि ८	१.०८	१०,२५१ डलर
कक्षा ९ देखि १२	१.२२	११,५८० डलर
वैकल्पिक कार्यक्रम	१.४४	१३,६६८ डलर
विशेष शिक्षा विद्यालय	१.१७	११,१०६ डलर
वयस्क	०.८९	८,४४८ डलर

स्रोतः (डिसि कोड ३८-२९०१-१२)

शैक्षिक वर्ष भरी चार किस्तामा रकम विद्यालयहरूलाई उपलब्ध गराइन्छ । यद्यपि, विद्यालयहरूलाई, विशेषगरी, सार्वजनिक विद्यालयहरूलाई शैक्षिक वर्षको प्रारम्भमा बढी रकमको आवश्यकता पर्ने देखिन्छ । वर्षैभरीलाई आवश्यक पर्ने पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरू यसै समयमा खरीद गर्नुपर्ने हुन्छ । तसर्थ, सार्वजनिक विद्यालयहरूको पहिलो त्रैमासिकमा हुने खर्चको अध्ययन गरेर पहिलो त्रैमासिकमा दिइने कोषको रकमलाई २५% बाट बढाएर ४०% वा सोभन्दा बढी बनाउन सकिन्छ ।

ख. सञ्चालनको ढाँचा - व्यवस्थापन

सार्वजनिक विद्यालयहरूको हालको व्यवस्थापनको ढाँचा चित्र ३ मा देखाइए अनुसार विभाजन गरिएको छ । व्यवस्थापन अनुक्रमको सबैभन्दा माथि प्रधानाध्यापक रहेका छन् र उनको समकक्षमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेका छन् । शिक्षकशिक्षिकाहरू सबै प्रधानाध्यापकको प्रत्यक्ष सुपरिवेक्षणमा पर्दछन् ।

सार्वजनिक विद्यालयहरूको एउटा सबैभन्दा ठूलो समस्या भनेको विद्यालयमा राजनीतकि घुसपैठ र यसले निम्त्याउने नातावादमा अधारित शिक्षक नियुक्ति । सार्वजनिक विद्यालयका अधिकांश शिक्षकहरू निजी विद्यालयका शिक्षकहरूभन्दा बढी दक्ष भएको कुरा नकार्न सकिदैंन तर यस्ता योग्य शिक्षकहरूले आफ्ना नातागोता र सम्बन्धका कारण नियुक्ती पाएका शिक्षकहरूसँगै काम गर्नुपर्दा के हुन्छ भन्ने प्रश्न स्वतः आउने प्रश्न हो ।

तसर्थ यहाँ गर्न सकिने एउटा प्रमुख सुधार भनेको विद्यालय व्यवस्थापन समितिहरू गठन हुने प्रक्रिया परिवर्तन गर्नु हो जसअन्तर्गत सबैभन्दा पहिले त राजनीतिक घुसपैठ किन छ भनेर बुझ्न जरुरी हुन्छ । यस अघि उल्लेख गरेजस्तै, स्थानीय चुनाव नभएको र राजनीतिक शक्तिको अभ्यास गर्नका लागि कुनै अरु स्थान नभएकोले विद्यालय व्यवस्थापन समितिको चुनाव एकदम आकर्षक हुन गएको छ । तसर्थ, यस शोधपत्रले दिने सबैभन्दा महत्वपूर्ण सुझाव मध्येको एउटा भनेको स्थानीय चुनाव माथिको जोड हो । नेपालमा स्थानीय चुनाव नभएको करिब दुई दशक भइसक्यो जसले गर्दा राजनीतिक सुत्रधारहरूले विद्यालय जस्तो सार्वजनिक स्थानहरूमा घुसपैठ गरिरहेका छन् । यसले गर्दा नै विद्यालय व्यवस्थापन समितिको चुनाव त्यस्तो आकर्षक हुन पुगेको हो । विद्यालय व्यवस्थापन समितिको हिस्सा हुनुको अर्थ उक्त व्यक्तिले विद्यालयको स्रोतहरू - विशेषगरी वित्तीय स्रोतमाथि उल्लेखनीय प्रभाव जमाउन पाउँछ र शिक्षकशिक्षिकाको नियुक्तिको लागि पनि

सिफारिस गर्न सक्छ । स्थानीय चुनाव गराउने वाचा विगत १५ वर्ष देखि गर्दै आइरहिएको भएता पनि हालसम्म पनि हुन सकेको छैन् । तसर्थ विद्यालय व्यवस्थापन समितिको चुनाव माथिको दबाव हटाउनको लागि पनि स्थानीय चुनाव गर्न जरुरी छ । यसले गर्दा शिक्षक नियुक्तिमा प्रभाव पार्ने व्यक्तिको कमीसँगै सार्वजनिक विद्यालयहरूमा नातावादको आधार मा हुने शिक्षक नियुक्तिलाई पनि घटाउँछ ।

यसको अतिरिक्त, अर्को सम्भावित व्यवस्थापन परिवर्तन भनेको इच्छुक निजी पात्रहरूलाई सार्वजनिक विद्यालयहरूको व्यवस्थापनको कार्यमा अनुमति दिनु हो । यो चार्टर विद्यालयको अवधारणासँग मिल्छ र नेपालको सन्दर्भमा अनुकुल उपाय हुनसक्छ । सार्वजनिक विद्यालयहरूको निरन्तर कमजोर प्रदर्शनको पछाडि कमजोर व्यवस्थापनको हात रहेको कुरा यस शोधपत्रमा राम्रोसँग शिद्ध गरिसकिएको छ । कुनै संस्था सार्वजनिक रूपमा वित्तपोषित छ भन्दैमा सार्वजनिक रूपमा नै व्यवस्थित हुनुपर्छ भन्ने छैन् । राज्यका अंग र इच्छुक पक्षहरूसँग 'चार्टर' (विद्यालयको लिजको लागि आधारभूत शर्तहरू स्थापन गर्नको लागि राज्यका अंग र इच्छुक पक्षहरूबीच हस्ताक्षर भएको दस्तावेज)मा हस्ताक्षर गरेर विद्यालयको व्यवस्थापन लिजमा दिने उपाय नयाँ व्यवस्थापनको सम्भावनालाई चरितार्थ गराउने उच्च सम्भावना भएको उपाय हो । सामान्यतया, अन्य देशमा चार्टर विद्यालयको सुपरिवेक्षणको लागि छुट्टै निकाय रहेको पाइन्छ । उक्त निकाय देशभरीका चार्टर विद्यालयको व्यवस्थापनको लागि जिम्मेवार रहन्छ । यस्तै किसिमको निकाय शिक्षा विभागको अन्तर्गत छुट्टै विभागको रूपमा स्थापना गर्न सकिन्छ । केही देशहरूमा प्रत्येक प्रदेशका चार्टर विद्यालय हेर्नको लागि छुट्टै चार्टर निकाय स्थापना गरेको पाइन्छ । संघीयतामा प्रवेश गरेसँगै यदि नयाँ चार्टर विद्यालयहरू खुल्ने क्रम बढ्यो भने यो उपाय हामीले पनि अवलम्बन गर्न सक्छौं ।

उक्त चार्टर निकाय चार्टर विद्यालय सम्बन्धित प्रावधानहरूको विकास गर्नको लागि जिम्मेवार हुनेछ । उक्त प्रावधानहरूमा निम्न कुराहरू संलग्न हुनसक्छन् :

क. इच्छुक पक्षलाई विद्यालय लिजमा दिने अवधि (अभ्यासमा प्रायः ५ देखि १० वर्ष रहेको पाइन्छ)

ख. उक्त संस्थालाई अनुदान दिनको लागि वित्तपोषण सुत्रको आधार (समान रकम प्रति विद्यार्थी अनुदानले अभ्यास गरेको जस्तै)

ग. वार्षिक रूपमा र ५ वर्षे लक्ष्यको रूपमा वर्गीकृत उपलब्धिका सूचकहरू जसले प्रभावकारी अनुगमनमा सहयोग पुऱ्याओस् ।

चार्टर विद्यालयहरू कठोर नियमनको अधिनस्त भएको प्रायः भेटिंदैन, तसर्थ यी विद्यालयहरूलाई थप स्वतन्त्र विद्यालयको रूपमा लिइन्छ । तसर्थ, शिक्षक नियुक्तिको विषयमा इच्छारत पक्षलाई नियुक्ति तथा बर्खास्त गर्ने र उनीहरूले उपयुक्त देखेको बालबालिका शिक्षण विधिको अभ्यास गर्न दिइनुपर्दछ । उनीहरूको अनुगमन हुन्छ, जुन आफैँमा एक महत्वपूर्ण अवधारणा हो, किनकि असफल चार्टर विद्यालयहरूलाई यदि सरोकारवालाहरूले विफल भएको देखेमा त्यस्ता विद्यालयहरूलाई बन्द गर्न बाध्य बनाइनु पर्दछ । विद्यालय बन्द हुने तत्कालिक परिस्थिमा, बन्द हुने विद्यालयका विद्यार्थीहरूलाई अर्को चार्टर विद्यालय वा सार्वजनिक विद्यालय (चार्टर विद्यालय नभएको अवस्थामा)मा सार्न सकिने चरणहरू छन् ।

ग. सञ्चालनको ढाँचा - जाँच र सन्तुलन

कुनै पनि विद्यालय प्रणालीमा प्रायः दुई प्रकारका मूल्याङ्कनका प्रकारहरू हुन्छन्: आन्तरिक तथा बाह्य । आन्तरिक मूल्याङ्कन प्रणालीमा विद्यालयमा भएका अधिकार प्राप्त पदधारीहरूले मूल्याङ्कन गर्दछन् । प्रधानाध्यापकले शिक्षक तथा कक्षाहरूको अनुमगन गर्ने प्रक्रिया यसको एक उदाहरण हो । बाह्य मूल्याङ्कनमा विद्यालय भन्दा बाहिरका अधिकारीहरू जस्तै जिशिकाले परिचालन गर्ने विद्यालय निरिक्षकहरूद्वारा गरिने मूल्याङ्कन हो ।

विद्यालयहरूको मूल्याङ्कनको सबैभन्दा बढी प्रयोग भएको तथा आधारभूत प्रकार भनेको परीक्षाहरूको सञ्चालन हो । परीक्षाहरू दुई तहमा सञ्चालन गरिन्छन्: निम्न माध्यमिक तहमा तथा प्रवेशिका (एसएलसी) तहमा (शिक्षा ऐनमा भएको संसोधन पश्चात यो परीक्षा कक्षा १२को अन्त्यमा गरिन्छ[१५]) । कक्षा १०मा अझै पनि परीक्षाको आवश्यकता रहन्छ, एसएलसीलाई कक्षा १२मा सारिएको छ । यी परीक्षाका नतिजाहरू सजिलै उपलब्ध हुने भएकाले, यसले विद्यालयहरूबीच तुलना गर्न सजिलो बनाइदिन्छ । यी अङ्कहरूको आधारमा प्रायः अभिभावकहरूले विद्यालयलाई तुलना गर्ने गर्छन् । राज्यबाट जारी हुने आधिकारिक दस्तावेजहरूमा पनि एसएलसीको नतिजालाई विद्यालयहरूको तुलना वा श्रेणीमा वर्गीकरण गर्न प्रयोग गरिन्छ । यद्यपि, एसएलसीमा आउने कम वा विशिष्ट श्रेणीको प्राप्ताङ्कसहितको यसले एकत्रित गरेको लगावका कारण पनि एसएलसीलाई निरन्तर रूपमा एक पूर्ण सूचक भन्दा पनि एक लघु सूचकका रूपमा हेरिन्छ । एसएलसीलाई राम्रोसँग विश्लेषण गर्ने क्षमता भन्दा पनि रटेर पढ्न सक्ने क्षमतालाई मापन गर्ने परीक्षाको रूपमा लिइन्छ, यो परीक्षा देशमा आलोचनाको घेरमा निरन्तर पर्ने गरेको छ (द राइजिङ्ग नेपाल) ।

१५ सन् २०१६ सम्म प्रवेशिका परीक्षा कक्षा १० मा लिइन्थ्यो ।

मूल्याङ्कनको दोस्रो तरिका- बाह्य मूल्याङ्कन मुख्य रूपमा विद्यालयको निरिक्षण तथा परीक्षण गरेर गरिन्छ । यसमा दुई पक्ष संलग्न हुन्छन्: स्थानीय स्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यालय । स्रोत केन्द्रले 'मूल्याङ्कन' तथा 'सहयोग' दुवैमा भूमिका खेल्छ, जसलाई यूनेस्कोले सन् २००२मा गरेको एक अध्ययनले निम्नानुसार उल्लेख गरेको छ:

> विद्यालयको भ्रमण, कक्षाकोठाको अवलोकन, अनुभवको आदानप्रदान तथा विद्यालयहरूमा समानता ल्याएर उनीहरूले अप्रत्यक्ष 'मूल्याङ्कनको कार्य' गर्न सक्छन् । यद्यपि, प्रधानाध्यापहरूका शुक्रबारे बैठक, पाठ्यक्रमसँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको प्रचार-प्रसार, वार्षिक कार्ययोजनाको तर्जुमा, क्लष्टर परीक्षाको सञ्चालन, शिक्षण सामग्री, शिक्षण विधि तथा परीक्षाको नतिजाहरूकाबारेमा तालिम प्रदान गरेर उनीहरू सुपरिवेक्षण तथा व्यवसायिक सहयोगमा सहभागी हुन सक्छन् (यूनेस्को, २००२) ।

अनुगमन तथा मूल्याङ्कनले विद्यालयको अभ्यासको प्रभावलाई जाँच गर्दछ र यसो हुन नसक्नुको अर्थ असफल अभ्यासहरू दोहोरिनु हो । कानूनले अझ धेरै अनुगमन तथा मूल्याङ्कनका बारेमा उल्लेख गरेको भएता पनि, हामीले गरेको स्थलगत भ्रमणबाट बाह्य अनुगमन विरलै हुने देखिन्छ ।

शिक्षा मन्त्रालयको सबै जिल्लाका लागि उपलब्ध सानो तथा अझ बढी प्रशासन उन्मुख इकाइ जिल्ला शिक्षा कार्यालय उच्च संख्यामा रहेको जिम्मेवारीका कारण बोझले ग्रसित देखिन्छ, जसमध्येका केही जिम्मेवारीहरू स्थानीय शासकीय निकायहरूमा प्रत्यायोजन गर्न सकिन्छ । यसको सबैभन्दा प्रधान उदाहरण विद्यालय निरिक्षकहरूको नियुक्ति तथा परिचालन हो । स्थलगत अध्ययनले कुनै पनि जिल्लाको हकमा विद्यालयको संख्याको तुलनमा विद्यालय निरिक्षकहरूको संख्या एकदमै कम रहेको देखाउछ । भौगोलिक रूपमा विविधतायुक्त रहेको इलाम जस्तो जिल्ला पाँचजना विद्यालय निरिक्षक मात्रै थिए, जसमा विद्यालयको संख्या ४२६ रहेको छ । यस्तो अवस्थामा विद्यालय निरिक्षकहरूको यो संख्या उपर प्रश्न गर्न तार्किक रहेको छ । यो कार्यलाई गाविस जस्ता स्थानीय निकायहरूलाई हस्तान्तरण गर्न सकिन्छ । यस्तो गर्न दिनुको अर्को अर्थ स्थानीय निकायले अनुगमन गर्ने विद्यालयको संख्यामा कमी हुनु हो र यी निकायहरूले आवश्यकताअनुसार आफ्ना कर्मचारी हरूलाई परिचालन पनि गर्न सक्छन् ।

अनौपचारिक अनुगमनका जिम्मेवारीहरू सञ्चालन गर्नका लागि स्थानीय समुदायलाई पनि प्रोत्साहन गर्नँ पर्ने हुन्छ । सबै अभिभावकहरूमा आफ्ना छोराछोरी पढ्ने विद्यालयको अवस्था राम्रो बनाउनका लागि स्पष्ट रुची रहेको हुन्छ । सार्वजनिक विद्यालयहरूको प्रदर्शन उपर अभिभावकले गुनासो गर्नु सामान्य हो, तर अधिकारप्राप्त निकायहरूसँग उनीहरूले छलफल गरेको पाइदैन । जिल्ला शिक्षा कार्यालयसम्मको पहुँच अभिभावका लागि सहज छैन । गाविसका स्थानीय रूपमा निर्वाचित प्रतिनिधिहरूले विद्यालयको अनुगमनको जिम्मा लिइदा अभिभावकहरूले आफ्नो व्यक्तिगत अवलोकनबाट आएका कुराहरू अझ सहज ढंगबाट राख्न सक्छन् । यसले सुव्यवस्थित अनुगमन प्रक्रिया स्थापना गर्न सहयोग पुऱ्याउँछ ।

घ. सञ्चालनको ढाँचा - पाठ्यक्रम

चार्टर विद्यालय अभियानबाट लिन सकिने अर्को महत्वपूर्ण कुरा भनेको स्थानीय रूपमा विकास गरिएका पाठ्यक्रम हो । जिल्ला शिक्षा कार्यालय र पाठ्यक्रम विकास केन्द्रले संयुक्त रूपमा काम गरेर एउटा विस्तृत पाठ्यक्रम तयार पार्दछन् जसअन्तर्गत 'सन्दर्भ पुस्तकहरू' (बोलीचालीमा पाठ्यपुस्तक भनिने) तोकिएका हुन्छन जुन सार्वजनिक विद्यालयहरूले प्रयोग गर्दछन् । वित्तीय स्रोतको प्रयोगमा भएको बढी स्वतन्त्रताको कारणले गर्दा निजी विद्यालयहरूलाई विदेशी छापाखानाद्वारा तयार पारिएका सन्दर्भ पुस्तकहरू छनौट गर्ने स्वतन्त्रता हुन्छ । अर्कोतर्फ सामुदायिक/सार्वजनिक विद्यालयहरूको छनोट भने स्वदेशी पुस्तक प्रदायकमा सिमित हुन्छ । कक्षा ६ देखि १० सम्मको पुस्तक प्रकाशन गर्ने जनक शिक्षा सामग्री केन्द्रले बारम्बार पुस्तक प्रकाशनमा ढिलाई गर्दै आएको छ जसले गर्दा देशभरका लाखौं बालबालिकाहरू प्रभावित हुँदै आएका छन् (द काठमाडौं पोष्ट, २०१५) । कक्षा १ देखि ५ सम्मको पुस्तकहरू प्रकाशन गर्न र वितरण गर्न निजी प्रकाशकहरूलाई अनुमति दिइएको छ र तसर्थ राम्रो वितरण भइरहेको छ तर ५ भन्दा माथिका कक्षाहरू पर्याप्त पुस्तकको अभावले ग्रसित छन् । यो प्रवृत्ति नेपालका भौगोलिक रूपमा चुनौतीपूर्ण स्थानहरूमा झनै सत्य रहेको पाइन्छ ।

स्थानीय पाठ्यक्रम ऐन २०६७ ले स्थानीय तत्वहरूलाई प्राथमिकता दिनुपर्ने र कम्तीमा एउटा विषय पूर्णतः स्थानीय रूपमा निर्माण तथा कार्यान्वयन कमजोर देखिन्छ । यो ऐन पारित भएको ५ वर्ष बितिसक्दा पनि कार्यान्वयन भने हुन सकेको छैन । इलाममा भ्रमण गरिएका कुनै पनि विद्यालयहरूमा यो कुरा लागु भएको थिएन ।

सम्रग पाठ्यक्रममा स्थानीय तत्वहरू राखिनु जरुरी छ र स्थानीय समुदायहरूले पनि विद्यालयहरूमा आफ्नै मातृभाषा पनि पढाई भएको चाहन सक्छन् । नेपालमा १२३ वटा भाषाहरू बोलिने गरिएको छ (जनगणना, २०११) । देशका हालै भाषा आयोग पनि गठन भएको छ जसको एउटा उद्देश्य जातीय भाषाहरूको संरक्षण गर्नु पनि रहेको छ (द हिमालयन टाइम्स, २०१६) ।

एजुकेशन इन द यूनाइटेड स्टेट्स नामक २००५ को आफ्नो दस्तावेजमा यूएस डिपार्टमेन्ट अफ एजुकेशनले संयुक्त राज्य अमेरिकामा कुनै निश्चित सन्दर्भ पुस्तक नहुने वा कुनै निश्चित संरचनाको पाठ्यक्रम नै पनि तोकिएको नहुने बताएको छ :

> विद्यार्थीहरूले के जानेको हुनुपर्छ र के के गर्न सक्ने हुनुपर्छ भन्ने कुराको लागि राज्यहरूले फराकिलो पाठ्यक्रम निर्देशिका तय गर्दछन् । राज्यको निर्देशिका पालना हुने गरी विद्यालय जिल्ला वा विद्यालयहरू आफैंले पाठ्यपुस्तकहरू छान्छन् । यी निर्देशिकाको अन्तर्गत रहेर विद्यालयहरू र शिक्षकहरूले सामग्रीको विवरण र शिक्षणको गति निर्धारण गर्ने अपेक्षा गरिन्छ ताकि त्यो विद्यार्थीहरूको विशेषता अनुसारको होस् । प्रारम्भिक विद्यालयहरूले साधारणतया विद्यार्थीहरूलाई उनीहरूको क्षमतामा आधारित रहेर कुनै निश्चित शिक्षक वा कक्षा तोक्दैनन् । यद्यपि, कक्षाहरू भित्रै, शिक्षकहरूले प्रायः विद्यार्थीहरूको उपलब्धिको आधारमा पठन वा गणित समूहहरू बनाउने गर्दछन् । फरक फरक समूहका विद्यार्थीहरूले फरक फरक गृहकार्य पाउन सक्दछन् ताकि कक्षाको पाठ्यक्रम सिक्ने क्रममा उनीहरू उपयुक्त गतिमा प्रगति गर्न सकून् ।
>
> माध्यमिक विद्यालयको तहमा, प्रत्येक विद्यार्थीको पाठ्यक्रम साधारणतया उपाधि प्राप्त गर्नको लागि आवश्यक विभिन्न पाठ्यसामग्रीहरूले बनेको हुन्छ र यस्ता आवश्यकताहरू जिल्ला र राज्य पिच्छे फरकफरक हुन्छन् । साथमा ऐच्छिक विषयहरू पनि हुन्छन् । औसतमा, सार्वजनिक उच्च विद्यालयका विद्यार्थीहरूले ९ र १२ कक्षाको बीचमा निम्न एक वर्षीय पाठ्यक्रमहरू पूरा गर्दछन् : चार वर्षको अङ्ग्रेजी; चार वर्षको इतिहास वा सामाजिक शिक्षा; तीन वर्षको गणित; तीन वर्षको विज्ञान; दुई वर्षको विदेशी भाषा; दुई वर्षको कला; चार वर्षको व्यावसायिक, प्राविधिक वा व्यवसाय शिक्षा; एक वर्षको कम्प्यूटर विज्ञान; र दुई देखि तीन वर्षको अन्य विषयहरू ।

यदि राज्यलाई कुनै पनि प्रकारको पाठ्यक्रम नतोक्दा अराजकता निम्तिन्छ भन्ने चिन्ता छ भने उनीहरूले यो पद्धतिको परीक्षण चार्टर विद्यालयहरूबाट गर्न सक्छन् । यी विद्यालयहरूलाई प्रायः जसो नयाँ शैक्षिक साधन र पाठ्यक्रम अवलम्बन गर्न वा सिर्जना गर्न बढी छुट हुन्छ । विद्यालयहरू आफैंलाई पाठ्यपुस्तकहरू छनौट गर्न दिँदा (जसमध्ये केही स्थानीय भाषामा पनि हुनसक्छन्) शिक्षाको गुणस्तरमा कस्तो प्रभाव पर्छ भनेर जाँच्नको लागि यो राम्रो अभ्यास हुनेछ ।

यस्तो अभ्यासको थालनी गर्नको लागि एउटा नीतिगत सुधार गर्न आवश्यक छ जसले जनक शिक्षा सामग्री केन्द्रको विद्यालयका पाठ्यपुस्तक प्रकाशन गर्ने एकाधिकारलाई तोड्छ । प्रभावकरी प्रतिस्पर्धा र कम मूल्यका लागि नेपालका विद्यालयहरूको लागि पुस्तक प्रकाशन गर्न थप निजी प्रकाशकहरूलाई अनुमति दिइनु पर्दछ ।

निष्कर्ष

शुरुवात कसरी गर्न सकिन्छ ?

सामुदायिक विद्यालयहरूमा हुने न्यून भर्नादरका कारण सामुदायिक विद्यालयहरू एक आपसमा गाभिने समाचारहरू राष्ट्रिय समाचार निकायहरूले बेला बेलामा प्रसारण/प्रक(ाशन गर्ने गरेका छन् । माथि उल्लेख गरिए झैं, असार ३१, २०७३ सम्ममा नेपालका कूल १३३९ सार्वजनिक विद्यालयहरू गाभिएका छन् (अर्याल, २०१६) । यदि यति धेरै संख्यामा विद्यालयहरू बन्द हुन्छन् जसको कारण धेरै स्रोतहरू प्रयोगविहीन रहन्छ भने यसलाई अझ राम्रो व्यवस्थापन तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने दिशामा प्रयोग गर्न सकिन्छ । कुनै पनि एक खस्कदै गएको सार्वजनिक विद्यालयमा इच्छारत समूहलाई व्यवसायिक व्य(वस्थापनामा संलग्न गराउन सकिने प्रकारको नीति एक प्रारम्भिक विन्दु हुन सक्छ । यसरी व्यवस्थापन सुम्पिएको चार्टर विद्यालयहरूमा व्यवस्थापनको कार्य सम्पादनलाई लिएर सरकारको केही हदसम्म नियन्त्रण रहन्छ । यदि व्यवस्थापनले सम्झौता अनुरूप कार्यसम्पादन गर्न सकेन भने सम्झौता रद्द पनि गर्न सकिन्छ । यी सम्झौताले, तसर्थ, गुणस्तरीय शिक्षा प्रदान गर्ने आधारभूत उपायलाई संरक्षण गर्दछ । परीक्षण अवधिका लागि, राज्यले ५ वर्षको सम्झौता गर्न सक्छ जुन व्यवस्थापन तथा विद्यार्थीको नतिजालाई विस्तृत रूपमा जाँच गरेपश्चात मात्रै थप अवधिका लागि बढाउन सकिन्छ । अनुगमनको बारम्बारतालाई अझ बढाउनु पर्दछ जसलाई स्थानीय निकायले गर्न सक्छन् । यसले शिक्षा विभागलाई, स्थानीय वा निर्वाचित अधिकारीहरूबाट गलत अभ्यासका बारेमा उजुरी नपर्दासम्म विद्यालयको प्रगतिको अनुगमन परीक्षण अवधिको अन्त्यमा मात्रै गर्नका लागि वातावरण तयार गर्दछ ।

सुझाव गरिएको वेटेड स्टुडेन्ट फण्डिङ्गको (Weighted Student Funding) आर्थिक सहयोग प्रदान गर्ने संयन्त्र (यूपीएसएफएफ जस्तै) यी विद्यालयहरूमा लागु गर्न सकिन्छ । पाठ्यक्रमको आवश्यकता अनुसार शिक्षकहरूको भर्ति गर्नका लागि व्यवस्थापन समिति हरूलाई अधिकार दिन सकिन्छ, जसमा शिक्षा विभागले पाठ्यक्रमको पुनरावलोकन गर्ने संयन्त्र स्थापित गर्न सकिन्छ । परम्परागत नेपाली सार्वजनिक विद्यालयको तुलनामा चार्टर विद्यालयहरूमा गरिने परिवर्तनमा आवश्यकताअनुसार शिक्षकहरू भर्ति तथा बर्खास्ती एक महत्वपूर्ण परिवर्तन हुनेछ । विद्यालय व्यवस्थापन समितिहरूका लागि शिक्षक भर्ति गर्न सहज हुन सक्छ तर भर्ति गरिएका शिक्षकहरूले राम्रो कार्यसम्पादन नगरेको खण्डमा राजनीतिक सम्बद्धताका कारण उनीहरूलाई बर्खास्त गर्न एकदमै कठिन हुन्छ । तसर्थ,

बर्खास्ती गर्ने लचकता, जसलाई सम्झौतामा नै उल्लेख गर्न सकिन्छ (शिक्षकले गतल अभ्यास वा तोकिएको बमोजिम कार्यसम्पादन नगरेमा), एक महत्वपूर्ण अतिरिक्त कदम हुन सक्छ ।

चार्टर विद्यालयहरू विशिष्टकृत विद्यालयका रूपमा कुनै एक क्षेत्रको सीपलाई विकास गर्ने गरी मात्रै खुल्न सक्छन् । उदाहरणका लागि कृषिसम्बन्धी चार्टर विद्यालय वा औद्योगिक व्यवस्थापन चार्टर विद्यालय । यस्ता अभ्यासहरूले नेपाली बजारको मागअनुसार का मानव संसाधनको विकास गर्नका लागि अवसर पनि सिर्जना गर्दछ । यसले विभिन्न आर्थिक क्षेत्रबाट लगानीकर्ता तथा रोजगारदाताहरूलाई यस्ता विद्यालयहरूमा लगानी गर्नका लागि बाटो पनि खोल्दछ ।

यस कार्यपत्रले स्थानीय समुदायलाई उनीहरूको सार्वजनिक शिक्षा प्रणालीको बारे मा ध्यान दिने कुराको रुचीलाई थप पार्ने गरी उत्साह थप्ने प्राथमिक उद्देश्य राखेको छ । यो उपायलाई स्वीकार गर्ने सबैभन्दा ठूलो कारण भनेको नेपाली शिक्षा प्रणालीलाई परिवर्तन गर्ने इच्छाशक्ति हुनसक्छ । तर यो कुरालाई विद्यालयको प्रदर्शनसँग शिक्षकहरूको तलबलाई जोडेर उत्प्रेरित गरिनु पर्दछ ।

यस कार्यपत्रमा धेरै पटक प्रकाश पारिए झैं, सार्वजनिक विद्यालयमा राजनीतिक घुसपैठको सबैभन्दा ठूलो कारण मध्ये एक देशमा स्थानीय निर्वाचन नहुनु हो । नियमित, स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको अर्थ राजनीतिक व्यक्तिहरूको ध्यान विद्यालयबाट स्थानीय सरकारी निकायहरू तर्फ मोडिने छ ।

जबसम्म हामी हाम्रो माटो सुहाउँदो विकल्प निर्धारण गर्नका लागि विभिन्न विकल्पह(रूलाई प्रयोग गर्न र सबैभन्दा प्रभावकारी समाधानलाई लागु गर्न हामी खुला/तयार र हन्छौं, नेपालमा शिक्षा प्रणालीलाई नयाँ आकृति दिन सम्भव छ ।

विशेषगरी,

क) चार्टर विद्यालय सार्वजनिक विद्यालयको एक नवीनतम प्रारूप हो तसर्थ यसका लागि बलियो सार्वजनिक सुपरिवेक्षण आवश्यक पर्छ । चार्टर विद्यालयको अवधारणा प्रभावकारी हुनका लागि, प्रत्येक चार्टर विद्यालयको विद्यार्थी भर्ना

तथा व्यवस्थापन अभ्यासहरूको स्वतन्त्र परीक्षण हुने प्रावधान आवश्यक हुन्छ। त्यसैगरी, परम्परागत सार्वजनिक विद्यालयहरूमा पनि सोहि परीक्षण र व्यवस्थापनको अभ्यासको अवधारणा लागु गरिनु पर्दछ। चार्टर विद्यालयहरूमा विद्यालयको सञ्चालनको तरिका, आर्थिक स्रोतको परिचालन, भर्ना प्रक्रिया, प्रशासन तथा अन्य कुराहरूको परीक्षण गरिन्छ र विद्यालय व्यवस्थापन समितिको बनावट संरचनाका लागि पनि परीक्षणको प्रावधान हुनु पर्छ जसबाट उक्त समिति राजनीतिक सम्झौताको एक मुखपत्र हो वा शिक्षाको गुणस्तरलाई बढाउन इमान्दार भएर लागेका व्यक्तिहरूको साँचो संरचना हो भनेर बुझ्न सकियोस्।

ख) नेपालको मामिलामा, चार्टर विद्यालयहरूलाई विशेषज्ञता भएका विद्यालयका (विशेष विषय क्षेत्रमा केन्द्रित रहने विद्यालय) रूपमा स्थापना गर्न पनि सकिन्छ। चार्टर विद्यालयले एक पृथक विशेषता प्रदान गर्न सक्छ, जहाँ जीवन वृत्ति (करियर) तथा प्राविधिक शिक्षा विद्यार्थीहरूको शैक्षिक तालिको एक मुख्य भाग हुन्छ। उनीहरू चुम्बक (म्याग्नेट) विद्यालय (जहाँ प्रायः एक विशेष विषय मात्र पढाइन्छ)का रूपमा पनि सञ्चालन हुन सक्छन् जहाँ समान रुची तथा प्रतिभा भएका विद्यार्थीहरूलाई कुनै क्षेत्रका विभिन्न स्थानहरूबाट ल्याउन सकिन्छ। यी विद्यालयहरूका पाठ्यक्रमहरू प्रायः स्थानीयीकरण गरिएको हुन्छ तसर्थ यी पाठ्यक्रमहरूमा स्थानीय समुदायलाई परीक्षण तथा सुधार गर्ने उपायहरू पनि समावेश हुन्छन्। साथै, समुदायको आवश्यकताको आधारमा जब निजी व्यवस्थापन आफ्नो भूमिकामा आउछ, बस सेवा जस्ता सरकारी विद्यालयमा भएका सुविधाको कमीलाई पनि विद्यालयसम्मको सहज पहुँचका लागि पुनर्विचार/पुनः समिक्षा गर्न सकिन्छ।

ग) चार्टर विद्यालयहरूले पढाइ प्रति अशक्त डिस्ग्राफिया, डाइलेक्सिया, डिस्केलकुलिया, डिस्प्राक्सिया, जस्ता कठिनाइ भोगिरहेका बालबालिकाका लागि नेपालमा कुनै पनि कार्यक्रमहरू उपलब्ध नभएको अवस्थालाई पनि समाधान गर्न सक्छ। नेपालमा यो छलफल भर्खर शुरु हुँदै छ। यस्ता कार्यक्रमहरूका लागि चार्टर विद्यालयहरूले आवश्यक ज्ञान तथा रणनीतिहरू प्रदान गर्ने प्रयोगशालाका रूपमा पनि काम गर्न सक्छन्।

घ) चार्टर विद्यालयहरू छनौटको सिद्धान्तमा सञ्चालन हुन्छन् र सबैका लागि एकै प्रकारको विकल्प उपयुक्त हुदैन भन्ने कुरालाई मनन गर्दछन् । यसको विपरित, परम्परागत सार्वजनिक विद्यालयहरू यसरी विकास गरिएको हुन्छ जसमा एकै प्रकारको विकल्प सबैका लागि उपयुक्त हुन्छ भन्ने धारणाको प्रवर्द्धन हुन्छ । जब हामी विद्यालय उपस्थिति दर, भर्नादर, र साक्षरता दरमा भएको व्यापक वृद्धिको चर्चा गर्छौं, यस्तो अवस्थामा सबैका लागि एकै प्रकारको विकल्प उपयुक्त हुने प्रारूप पर्याप्त हुन सक्छ । यद्यपि, जब शिक्षाको गुणस्तर सुधार गर्ने सार्थक छलफल हुन्छ, परम्परागत आम पद्धति प्रभावकारीताको प्रश्न भन्दा धेरै पर खुम्चिन पुग्छ, र विविध रुची तथा शिक्षण विधिमा विशेषता (टाइपोलोजी) खोज्ने विद्यार्थीहरूको आवश्यकता पूरा गर्नका लागि धेरै नवीनतम पद्धतिहरूको खोजी गरिनु पर्ने आवश्यकता रहेको छ ।

सन्दर्भ सामाग्रीहरु

(Unnamed). Department of Education (n.d.). Government of Nepal. Retrieved from: http://www.doe.gov.np/assets/uploads/files/2ae7cb5ad6810728d6acb24230d7fe4c.pdf

11 community schools merged in Dhading. (2016, August 18). *The Himalayan Times.*

Acharya, H. R. (2011, July 18). Innovation in education: Closing policy gaps. *Republica, pp. 7.*

Aryal, B. (2016, August 17). Public School mergers gaining pace. *Republica*. Retrieved from http://www.myrepublica.com/news/3959

Ascher, C., Cole, C., Harris, J., & Echazarreta, J. (2004). The Finance Gap: Charter Schools and Their Facilities. Findings from a Nine-Month
National Study. *Institute for Education and Social Policy*

Budathoki, S. (2016, January 11). Cost of Education. The Kathmandu Post.

Bulkley, K., & Fisler, J. (2003). A decade of charter schools: From theory to practice. *Educational Policy, 17(3), 317-342.*

Central Bureau of Statistics. (2012). *National Population and Housing Census 2011 (National Report)*. Government of Nepal

Code of the District of Columbia. (2016). Retrieved from https://beta.code.dccouncil.us/dc/council/code/sections/38-2901.html

De Grauwe, A., & Naidoo, J. P. (2004). School evaluation for quality improvement. *An ANTRIEP Report*. Institute for Educational Planning.

Department of Education. (2005). Education in the United States: A Brief Overview.

Donors laud new School Sector Development Plan. (2016, October 28). *The Himalayan Times.*

Education Act, 2028 (1971). (1971). Ministry of Education, Government of Nepal

Education Rules, 2059 (2002). (2002). Ministry of Education, Government of Nepal

Finn Jr, C. E., Manno, B. V., & Vanourek, G. (2001). Charter schools in action: Renewing public education. *Princeton University Press.*

Foundations of Democracy. (2016, 29 Apr-5 May). *Nepali Times.*

Ghimire, B. (2016). S.L.C. results out, new school system in. *The Kathmandu Post.*
Retrieved from http://epaper.ekantipur.com/epaper/the-kathmandu-post/ 2016-06-17 /2016-06-17.pdf

Ghimire, B. (2016, March 29). SLC students at sea over grading system. *The Kathmandu Post.*

Graner, E. (1998). A Geography of Education In Nepal. *Contributions to Nepalese Studies*, 25(2), 191-213.

Hoxby, C. M., & Rockoff, J. E. (2004). *The impact of charter schools on student achievement.* Cambridge, MA: Department of Economics, Harvard University.

Jha, A. (2013, March 31). At what cost? Regulating private schools. Republica.

Keeney, J. (2011). Finding Facility Financing (Issue brief). Charter Schools Info.

Language Commission begins collecting suggestions (2016, November 24). *The Himalayan Times.*

Loo Niva Child Concern Group Nepal. (2013). *Politics in Schools in Nepal.* Lalitpur.

Moon, J. S., & Stewart, M. S. (2016, October). Understanding How School Vouchers Are Funded: Summary of Funding for the District of Columbia's Opportunity Scholarship Program.

National Curriculum Framework for School Education in Nepal. (2007). Ministry of Education, Government of Nepal.

Nazimuddin, S. (2015). Social Mobility and Role of Education in Promoting Social Mobility. *International Journal of Scientific Engineering and Research (IJSER)*, 3(7).

Nepal Education in Figures (Rep.). (2015). MOE Government of Nepal.

Nepal, Commission for the Investigation of Abuse of Authority. (2015). Twenty-fourth Annual Report 2013/14 (Summary).

Nepal, Ministry of Education and Sports, Curriculum Development Center. (2007). National Curriculum Framework for School Education in Nepal (pp. 28-29). Kathmandu: Government of Nepal.

Nepal, Ministry of Finance. (2016). Budget Speech of Fiscal Year 2016/17. Government of Nepal.

Participatory and democratic process of forming governance structure at the local level in Nepal. (n.d.). Rida Nepal in UNESCO 2016. Retrieved from http://www.unesco.org/new/en/education/themes/strengthening-education-systems/quality-framework/promising-practices/ promising-practice-from-nepal/

Perpetual Problem. (2015, January 30). *The Kathmandu Post.*

PNUD. (2015). *Human Development Report 2015: work for human development*. Retrieved from: http://hdr.undp.org/en/content/human-development-index-hdi

Prasad Kafle, A., Patel, D., & Agarwal, S. (2012). Social Audits in Nepal's Community Schools: Measuring Policy Against Practice (20178). The World Bank.

Rijal, M. (n.d.). Community-based School Management.The Role Politics Plays. *The Rising Nepal.*

Sammons, P. (1995). Key characteristics of effective schools: *A review of school effectiveness research*. B & MBC Distribution Services, England, United Kingdom.

SC orders schools to form committees as per new law (2016, September 13). *Republica.*

Sharma, J. R., & Sharma, S. (2011). *Enumerating Migration in Nepal*. Working Paper I. Kathmandu: Centre for the Study of Labour and Mobility.

Sharma, S. (2015, Aug 7-13). U r welcome, wanna cu ASAP 4 a drink. . *Nepali Times.*

Sharma, T. N. (2008). Structures and mechanisms of community participation in school management. *Journal of Education and Research*, 1, 72-85.

Shree Namsaling Higher Secondary School 2071 BS (2014/15) results; Social Audit Document

Shrestha, S. (2016, July 1-7). Grading the Grades. *Nepali Times*. Retrieved from http://nepalitimes.com/article/nation/grading-the-grades,3124

Strategic Plan For Green City Initiative 2012-2016, Ilam Municipality (Rep.). (2013). Namsaling Community Development Centre.

Subedi, G., Shrestha, M. G., Maharjan, R., & Suvedi, M. (2013). ESP Working Paper Series. Dimensions and Implications of Privatization of Education in Nepal "The Case of Primary and Secondary Schools"

Teacher Service Commission Act - Ninth Amendment (2014). Ministry of Education. (2014). Government of Nepal.

Thapa, P. (2000, Aug 23-29). To know all international language is the best yet English is enough. *Nepali Times.*

UNESCO. (2016). *National Education Accounts in Nepal Expenditure for education 2009-2015*. Retrieved from http://www.uis.unesco.org/Education/Documents/nea-visual-results-report/Nepal_NEA_Report.pdf

Uniform per Student Funding Formula. (2010).Retrieved from https://focusdc.org/uniform-student-funding-formula

Uprety L., Nakarmi, D. (2015) Better Education Outcomes through Education Entrepreneurs: (Vol. 1) Cost of Registering Private Schools in Nepal. Samriddhi Foundation.

Uprety, L. (2015). Discussion Paper: Possibility of Education Vouchers in Nepal.

US Department of Education (2005). Education in the United States. A Brief Overview. Washington D.C.

World Bank (2016) *World Development Indicators*. Washington, DC. Retrieved from: http://databank.worldbank.org/data/download/site-content/wdi-2016-highlights-featuring-sdgs-booklet.pdf

नेपालका सार्वजनिक विधालयहरुको वार्षिक एस एल सी परिक्षाको प्रवृती जाँच गर्दा नतिजा उराठलाग्दो छ । अत्याधिक राजनितिक चलखेलका कारण विधालय व्यवस्थापन समिती र शिक्षक नियुक्ति प्रक्रिया ग्रसित छ । स्तानिय समुदाय र राज्यका शिक्षा सम्बन्धि अंगबिच ठुलो दरार छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा हरेक साल बजेट रकम बढ्दो क्रममा छुट्याइरहेको छ । लगानी धेरै तर नतिजा कम्जोर हुदाँ सो लगानी प्रति प्रश्न गर्नु स्वभाविक हो ।

संसारभर शिक्षामा फस्टाइरहेका नवपरिर्वतनहरु मध्ये एउटा प्रचलन बटुलिरहेको शैक्षिक प्रणाली हो र्चाटर विधालय । सामान्य रुपमा बुझ्दा र्चाटर विधालयहरुको खर्च सरकारले बेर्होछ तर व्यवस्थापन निजी हुन्छ । निजी खेलाडीहरु शिक्षक वर्ग, अविभावक वर्ग, यी समुहहरुको मिश्रण अथवा व्यापारी वर्ग समेत हुन सक्छन् । सार्वजनीक विद्यालयहरु भन्दा बढी स्वतन्त्र र कम नियमनको घेरामा पर्ने तर उत्तर दायीत्वमा विश्वास राखी सोही अनुसार शैक्षिक प्रणली चलाउने चार्टर विद्यालयको पहिचान बनेको छ ।

यस प्रकाशनको दुई मुख्य उद्धेश्य छन : पहिलो, सामुदायीक विद्यालयहरुको कार्य प्रणली जाँच गर्नु र दोश्रो, चार्टर विद्यालयको विस्तृत जानकारी दिइ त्यस प्रणाली बाट के सिख यता ल्याउन सकिन्छ भन्ने खोज गर्नु । नेपालमा निजी विद्यालयहरु फस्टाएको देख्दा सामुदायीक विद्यालयहरुमा पनि सोही किसीमको व्यवस्थापन उजागर गर्न चार्टर विद्यालय शैलीको मद्दत लिन सकिन्छ ।

SAMRIDDHI FOUNDATION

समृद्धि फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिमसेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६ फ्याक्स: (९७७)-१-४४८-५३९१ ईमेल: info@samriddhi.org वेबसाईट: www.samriddhi.org